# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २५२ | काठमाडौं | बिहीबार, २६ पुस २०८० | Prabhab National Daily | Thursday, January 11, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


प्रधानमन्त्री कार्यालयको पुनर्संरचना

# घोषणाको दुई हप्ता बित्दा पनि छैन कार्यान्वयन




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री कार्यालयको पुनर्संरचना घोषणा गरेको १६ दिन बितिसकेको छ । तर उनको घोषणा अहिलेसम्म गफमै सीमित बनेको छ ।

पुस १० गते जनताको नाममा सम्बोधन गर्दै दाहालले एक हप्ताभित्रै प्रधानमन्त्री कार्यालयको पुनर्संरचना हुने घोषणा गरेका थिए । घोषणाको तेस्रो दिन १२ गते मन्त्रिपरिषद्बाटै प्रधानमन्त्री कार्यालयको पुनर्संरचना गरिने निर्णयसमेत भयो ।

- एकैपटक ६८ दरबन्दी कटौती गर्ने निर्णय अलपत्र
- प्रधानमन्त्री कार्यालयका कर्मचारी दाहालको घोषणाबाट रूष्ट
- पुनर्संरचनाको घोषणाप्रति सल्लाहकारहरु नै असन्तुष्ट
- भौतिक संरचनामा भने परिवर्तन थालियो

एकैपटक ६८ दरबन्दी कटौती गर्ने निर्णय गरेको १४ दिन बित्दा पनि प्रधानमन्त्रीले कुनै हेरफेर गर्न सकेका छैनन् । प्रधानमन्त्री कार्यालयमा २३५ जनाको स्थायी दरबन्दी रहेकोमा मुख्यसचिवबाहेक पाँच सचिवको दरबन्दी रहेको छ । तर अहिले प्रधानमन्त्री कार्यालयको वेबसाइटमा हेर्दा मुख्यसचिवबाहेक नै सातजना सचिवको दरबन्दी रहेको देखिन्छ ।

ती सचिव कटाएर अब मुख्यसचिवबाहेक तीनजना सचिव राख्ने मन्त्रिपरिषद्को निर्णय थियो । तर प्रधानमन्त्री कार्यालयको कर्मचारी कटौती गर्ने कुनै सुरसार नभएको मन्त्रिपरिषद् कार्यालयका एक कर्मचारीले बताए । 'मन्त्रिपरिषद्बाट प्रमाणीकरण भएर आउनुपर्‍यो नि हैन कार्यान्वयन गर्नलाई,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक उच्च अधिकारीले भने । प्रधानमन्त्री कार्यालयका कर्मचारीहरू दाहालको घोषणाबाट रुष्ट रहेकोसमेत बताइएको छ ।

अहिले दाहालले प्रधानमन्त्री कार्यालयको भौतिक संरचनामा भने परिवर्तन थालेका छन् । यसअघि पूर्व ढोकाबाट आउजाउ गर्ने दाहाल अहिले दक्षिणी ढोकाबाट निस्कन्छन् । प्रधानमन्त्रीको सवारी बन्दोबस्ती यही ढोकामा अहिले देख्न सकिन्छ । दक्षिणी ढोकामा यसअघि हेलो सरकारको सम्पर्क कार्यालय नजिकै सुरक्षा डेस्क थियो । सर्वसाधारण त्यही डेस्कबाट प्रधानमन्त्री कार्यालय पस्थे । अहिले भने मन्त्रीहरू पस्ने पूर्वी ढोकाबाटै मन्त्रिपरिषद् कार्यालय पस्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रधानमन्त्रीको घोषणापछि सल्लाहकार समूहसमेत असन्तुष्ट सुनिन्छन् । दाहालले पछिल्लोपटक प्रेस हेर्ने सचिवालयका सदस्यसमेत हेरफेर गरिसकेका छन् । राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले यसअघि नै राजीनामा बुझाइसकेका छन् । भ्रष्टाचार नियन्त्रणमा प्रधानमन्त्री दाहालको गति सुस्त भएको आरोप लगाउँदै गजुरेलले राजीनामा दिएका थिए ।

### दरबन्दी मिलानमै समस्या

अहिले नेपाल सरकारको दरबन्दीमा ७५ जना सचिव छन् । थन्क्याउने ठाउँ कतै नपाएपछि सचिवहरूलाई कुनै मन्त्रालयमा दुई जना त प्रधानमन्त्री कार्यालयमा जगेडा नै लगेर राखिएको छ । अहिले अर्थ, उद्योग, ऊर्जा, स्वास्थ्यलगायत मन्त्रालयमा अतिरिक्त सचिव राखेर कामविहीन बनाइएको छ ।

(क्रमश: पृष्ठ २ मा)

छुट्टाछुट्टै मुद्दामा अदालतको आदेश

# सन्दीपलाई आठ र पूर्वडिआइजी शाहलाई तीन वर्ष कैद



सन्दीप लामिछाने



महेशविक्रम शाह

■ **जेबी योञ्जन**

**काठमाडौं–** न्यायालयबाट छुट्टा-छुट्टै मुद्दामा दुई चर्चित प्रतिवादीलाई बुधबार कैद सजाय तोकिँदा एक जना तपस्वी प्रहरी हिरासतमा पुगेका छन् । कैद सजाय तोकिएकाहरूमा नेपाली क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछाने र नेपाल प्रहरीका पूर्वप्रहरी नायव महानिरीक्षक (डिआइजी) महेशविक्रम शाह छन् । यता मंगलबार साँझ पक्राउ परेका तपस्वी रामबहादुर बम्जनलाई बुधबार नै सार्वजनिक गरिएको हो ।

लामिछानेले बलात्कारसम्बन्धी मुद्दामा कैद सजाय पाएका छन् । उनलाई जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको एकल इजलासले आठ वर्ष कैद सजाय सुनाएको छ । यसअघि १३ पुसमा न्यायाधीश ढकालकै इजलासले लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको थियो । बुधबार सजाय तोकिएको हो । आठ वर्ष कैद सजाय हुने र पीडितलाई क्षतिपूर्ति एवं जरिवानासहितको फैसला भएको छ ।

- बलात्कार मुद्दामा नेपाली राष्ट्रिय टिमका पूर्वकप्तान सन्दीप लामिछानेलाई आठ वर्ष कैद र पीडितलाई क्षतिपूर्तिस्वरूप पाँच लाख भराउन काठमाडौं जिल्ला अदालतको आदेश
- भ्रष्टाचार मुद्दामा नेपाल प्रहरीका पूर्वडिआइजी तथा मदन पुरस्कार विजेता साहित्यकार महेशविक्रम शाह र पूर्वसई दीपेन्द्र पनेरूलाई तीन वर्ष कैद र १६ लाख ६९ हजार रुपैयाँ बिगोसँगै त्यति नै जरिवानासमेत भराउन आदेश

अदालतका सूचना अधिकारी चन्द्रप्रसाद पन्थीले दिएको जानकारीअनुसार लामिछानेले तीन लाख रूपैयाँ जरिवाना तिर्नुपर्ने निर्णय पनि भएको छ । थप दुई लाख भने क्षतिपूर्तिबापतको रकम तिर्नुपर्ने छ ।

(क्रमश: पृष्ठ २ मा)

## तपस्वी बम्जन सार्वजनिक

### १७ देशका मुद्रासहित तीन करोड ३५ लाख बरामद



**काठमाडौं (प्रस)–** मंगलबार साँझ पक्राउ परेका तपस्वी रामबहादुर बम्जनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । 'लिटिल बुद्ध'को रूपमा चर्चित बम्जनमाथि हत्या, बेपत्ता, बलात्कार, यौन दुराचारलगायत आरोप लगाइएको छ । उनलाई सिआइबीको टोलीले मंगलबार बूढानीलकण्ठ नगरपालिका-६, हात्तीगौंडाबाट नियन्त्रणमा लिएको हो ।

सिआइबी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) किरण बज्राचार्यले बम्जन बसेको घरबाट ९२ हजार नेपाली रूपैयाँ बराबरको १७ देशका मुद्रा र तीन करोड तीन लाख ७५ हजार रूपैयाँ नेपाली मुद्रा बरामद गरेको जानकारी दिइन् । साथै, मोबाइल १४ थान, चार थान ल्यापटप र ट्याब, २० वटा पेन ड्राइभ, रेकर्डर, मेमोरी कार्डलगायतका विद्युतीय सामग्रीसमेत बरामद गरेको प्रहरीको भनाइ छ ।

पत्रकार सम्मेलनमा सिआइबी प्रवक्ता नवराज अधिकारीले पाँच करोडको गाडी किन्नका लागि बम्जनले धुम्बाराहीको एउटा कम्पनीलाई तीन करोड रूपैयाँ एड्भान्स बुझाइसकेको अनुसन्धानको क्रममा खुलेको जानकारी दिए ।

तपस्वी बम्जनविरुद्ध २०७१ को साउनमा बाराको हलखोरियामा बलात्कृत भएको भन्दै एकजना अनुयायीले प्रहरीमा उजुरी दिएकी थिइन् । सर्लाहीमा पनि त्यस्तै प्रकृतिको उजुरी परेको थियो ।

(क्रमश: पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# भाषा परीक्षा तीन चरणमा हुने, माघ ६ बाट सुरू

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियामा रोजगारीका लागि पठाउन लिइने भाषा परीक्षा तीन चरणमा सञ्चालन गरिने भएको छ । रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत उत्पादनमूलक क्षेत्रका लागि भाषा परीक्षा सञ्चालन गर्न लागिएको हो । परीक्षाका लागि आवेदन दिएका परीक्षार्थीको संख्या धेरै भएकाले तीन चरणमा सञ्चालन गर्ने तयारी गरिएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

भाषा परीक्षा सञ्चालनका लागि एचआरडी कोरियाले आवश्यक तयारीसहित तीन चरणमा गर्ने जानकारी दिएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । 'विभागसँग भएको बैठकमा एचआरडी कोरियाले भाषा परीक्षा तीन चरणमा हुने जानकारी दिएको छ,' उनले भने, 'कोरियाली पक्षले तीन चरणमा भाषा परीक्षा गर्ने कार्यतालिका बनाएको छ, पहिलो चरणको परीक्षा यही जनवरी २० अर्थात् माघ ६ गतेदेखि सञ्चालन हुन्छ ।' पहिलो चरणको परीक्षा सकिएपछि दोस्रो र तेस्रो चरणको भाषा परीक्षाको मिति तय हुने महानिर्देशक घिमिरेले जानकारी दिए ।

विभागले पहिलो चरणको परीक्षामा ४७ हजार परीक्षार्थीलाई सहभागी गराइने जनाएको छ । यस्तै दोस्रो चरणमा ८० हजार परीक्षार्थी सहभागी हुने छन् । त्यस्तै तेस्रो चरणमा बाँकी रहेका ३७ हजार ७४१ परीक्षार्थीले भाषा परीक्षा दिने छन् ।




कोरियाले उत्पादनमूलक क्षेत्रमा काम गर्न नेपालबाट १५ हजार ८४८ जना कामदार माग गरेको छ । जसका लागि एक लाख ६४ हजार ७४१ जना भाषा परीक्षामा सहभागी हुँदै छन् । पहिलोपटक आवेदन दिने एक लाख ४३ हजार ८१२ र शिप बिल्डिङ परीक्षामा असफल भएका २० हजार ९२९ जनाले पुन: आवेदन दिएका छन् ।

### इपिएसमार्फत मात्रै कोरिया जान पाइने

यसैबीच श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले कोरिया रोजगारीका लागि कुनै पनि म्यानपावरमार्फत इ-सेभेन भिसामा कामदार पाठाउने अनुमति नदिइएको स्पष्ट पारेको छ । मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै विभिन्न सञ्चारमाध्यममा आएको समाचारप्रति ध्यानाकर्षण भएको भन्दै हालसम्म इपिएस प्रणालीमार्फत मात्रै कोरियामा कामदार पठाइरहेको जानकारी दिएको छ । इ-सेभेन भिसामा कामदार पठाउन इजाजतपत्र प्राप्त संस्थालाई अनुमति नदिइएको विज्ञप्तिमा उल्लेख छ । यद्यपि इ-सेभेन भिसामा कामदार पठाउँदा पार्ने बहुआयामिक प्रभाव र पठाउने प्रक्रियाका सम्बन्धमा मन्त्रालयले अध्ययन गरिरहेको जनाएको छ । तसर्थ कुनै पनि व्यक्ति वा म्यानपावरले कोरियाको रोजगारीमा जान इ-सेभेन भिसामा कामदार पठाउने भन्दै भ्रम सिर्जना गरी रकम संकलन गरेको पाइए प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनीसमेत दिइएको छ ।

कोरिया रोजगारीका लागि तोकिएका विभिन्न भिसामध्ये दक्ष कामदारलाई इ-सेभेन जारी गरिन्छ भने हाल इपिएसअन्तर्गत जाने अदक्ष कामदारलाई इ-नाइन भिसा दिने गरिन्छ ।

# पोर्चुगल, टर्की र अमेरिका पठाइदिने बहानामा ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाउने बहानामा रकम संकलन गरी ठगी गर्ने तीनजना पक्राउ परेका छन् । पोर्चुगल, टर्की र अमेरिका पठाइदिने भन्दै वेरोजगार युवाहरूसँग रकम संकलन गरी फरार रहेको आरोपमा उर्मिला चेम्जोङ, महेश तामाङ र बेञ्जु महतलाई प्रहरीले पक्राउ गरेको हो ।

धनकुटाको चौबिसे गाउँपालिका-६ घर भई हाल कीर्तिपुर टचाङ्लाफाँट बस्ने चेम्जोङले संगत थापासमेत दुई जनालाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाई ड्राइभिङमा मासिक एक लाख रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाएर १० लाख ५० हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । पीडितसँग पैसा लिएर सम्पर्कविहीन अवस्थामा रहेकी उनलाई टचाङ्लाफाँटबाटै पक्राउ गरिएको बताइएको छ ।

यसैगरी टर्की पठाइदिने बहानामा रमेश थापासमेत तीनजनासँग पाँच लाख ५० हजार रूपैयाँ ठगी गरेको आरोपमा नवालपरासीका तामाङलाई पनि प्रहरीले पक्राउ गरेको छ । उनले पीडितहरूलाई मासिक एक लाख रूपैयाँ तलब हुनेगरी टर्कीको एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै ठगी गरेको आरोप छ ।

यस्तै बूढानिलकण्ठ नगरपालिका-६ बस्ने महतले अमरबहादुर पुनलाई अमेरिका पठाइदिन्छु भन्दै २३ लाख ५० हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । निज महतले पीडितलाई मासिक चार लाख रूपैयाँ तलब हुने प्रलोभनमा पारी अमेरिकाको एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै ठगी गरेको प्रहरीले जनाएको छ । पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं





आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं





गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# केन्द्रीय क्याम्पसलाई सुन्दर बनाउँदै त्रिवि

**कीर्तिपुर–** उच्च शिक्षाको केन्द्र रहे पनि अव्यवस्थित परिसरका कारण आलोचना खेप्दै आएको त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसले सौन्दर्यीकरण थालेको छ। सौन्दर्यीकरणको सुरुआत 'घडीघर'को नामबाट चिनिने मुख्य भवनको प्रांगणबाट गरिएको छ।

विश्वविद्यालयका प्राचार्य प्रा.डा. ध्यानेन्द्रबहादुर राईका अनुसार सौन्दर्यीकरणको सुरुआत केन्द्रीय भवनअघिको जमिन मिलाउने कामबाट गरिएको छ। करिब १२ रोपनी फराकिलो सो जमिन विश्वविद्यालयकै आकर्षक थलो भए पनि जमिनको बनोट नमिलेका कारण उबड खाबड हुनुका साथै वर्षामा पानी जम्ने गर्दथ्यो। 'जमिनको सतहलाई थोरै पूर्वतर्फ ओह्रालो बनाउने काम सकेपछि त्यहीँकै मौलिक झार हुर्कन दिएर बस्न हुने बनाउँछौं, प्राविधिक योजनाअनुसार घाम नछेक्ने गरी ससाना बिरुवा रोप्ने र बस्ने बेञ्च मिलाउँछौं,' प्राचार्य राईले भने। जमिन मिलाउनेलगायतको काम अहिले धर्म निर्माण सेवा प्रालिले गरिरहेको जानकारी पनि उनले दिए।

सौन्दर्यीकरणसहित त्रिवि अडिटोरियम हलको छाना मर्मत र प्राचार्य कार्यालयमा एक तला थप्ने कामसमेत गरी तीनवटा प्याकेजको ठेक्का धर्म निर्माण सेवा प्रालिलाई दिइएको छ। कूल १५ लाख रूपैयाँको कामका लागि छ महिनाको अवधि तोकिएको जानकारी पनि प्राचार्य राईले दिए। बल्खुबाट दक्षिणतर्फ कीर्तिपुरसम्म र बागमतीको पश्चिमी किनारादेख चोभारको सीमासम्म गरी कूल तीन हजार ७०० रोपनी क्षेत्रफल ओगटेको त्रिवि परिसर स्थापनाकालदेखि अहिलेसम्म पनि अव्यवस्थित छ।

सबैतिर सीमा पर्खाल नहुनु, जथाभावी आवतजावत हुनु र परिसरमा रूखबिरुवाको व्यवस्थापन उचित नहुनेजस्ता कारणले त्रिवि परिसर अव्यवस्थित देखिएको पनि प्राचार्य राई बताउँछन्। विभिन्न समयमा त्रिवि परिसरको सबैतर्फ पर्खाल लगाउनुपर्ने कुरा उठे पनि धेरै बजेट आवश्यक भएका कारण त्यतिकै सेलाएर जाने स्थिति छ। करोडौं रूपैयाँ लाग्ने मोटामोटी अनुमान गरिए पनि यसका लागि प्राविधिक अध्ययन नभइसकेका कारण बजेट प्रस्ताव नगरिएको पनि उनले बताए।

परिसरमा आफैं उम्रिएका झाडीहरू समयमै फाँड्न नसक्दा चितुवाको लुक्ने स्थान र परिसरमा आएर गाँजा खानेहरूको थलो बन्ने जस्तो समस्या पनि त्रिविले भोग्दै आएको छ। गत वर्षमात्र दुईपटक चितुवा नियन्त्रणमा लिएर वनजन्तुसम्बद्ध निकायलाई हस्तान्तरण गरिएको छ। यसैगरी बेवारिसे छाडिएका गोरुहरू त्रिवि परिसरभित्र दुर्घटना तथा चितुवा पल्काउने प्रमुख कारण बन्न पुगेका छन्।

यस्ता समस्यालाई निराकरण गर्न झाडी फाँड्न सुरु गरिए पनि ठूलो क्षेत्र भएका कारण काम नसकिएको पनि प्राचार्य राई बताउँछन्। लामो समयदेखि व्यवस्थित क्याप्टेरिया नहुनुको अप्ठ्यारो पनि त्रिविले व्यहोर्दै आएको छ। त्यसको समाधानका लागि क्याप्टेरिया निर्माणतर्फ पनि त्रिवि लागिपरेको जानकारी प्राचार्य राईले दिए। यसका लागि पुल्चोकस्थित इञ्जिनियरिङ क्याम्पसमा रहेको त्रिविको आधिकारिक परामर्शदातृ विभाग अध्ययन गरिरहेको र प्रतिवेदन दिन बाँकी रहेको पनि उनले बताए।

वि.सं. २०२७ मा तत्कालीन युवराज वीरेन्द्रले उद्घाटन गरेको क्याप्टेरियामा विद्यार्थीलाई प्रतिछाक तीन रूपैयाँमा खान खुवाउने गरिन्थ्यो। चरम घाटामा गएको र प्रयास गर्दा पनि नसुध्रिएको भन्दै २०४८ सालमा तत्कालीन उपकुलपति केदारभक्त माथेमाले क्याप्टेरिया बन्द गराए। उक्त भवनमा अहिले निजीस्तरमा दुईवटा चिया खाजा पसल चलिरहेका छन्।

'कोही प्रतिष्ठित अतिथि विश्वविद्यालय भ्रमणमा आएका बेला गुणस्तरीय र सुरक्षित ढंगले भोजन गराउने अवस्था नभएका कारण क्याप्टेरिया निर्माणको तयारी गरेका हौं,' उनले भने। विश्वविद्यालय परिसरको मुख्य स्थानमा सिसिटिभी क्यामरा जडानको तयारी पनि प्राचार्य कार्यालयले थालेको छ। यसको परामर्शदाताका रूपमा त्रिविअन्तर्गतको आंगिक क्याम्पस पुल्चोकले काम गर्ने जनाइएको छ। सार्वजनिक शौचालय र ५०० जना अट्ने छात्रवासको निर्माण गर्ने योजना पनि त्रिविको छ। *रासस*

## पृष्ठ १ बाट क्रमशः

### सन्दीपलाई आठ...

जरिवाना र क्षतिपूर्तिबापतको रकम पीडितले पाउने पन्थीले बताए। लामिछानेलाई नाबालिगमाथि बलात्कारको आरोप लागेको थियो। तर, ढकालको इजलासले लामिछानेले जबरजस्ती करणी गरेको भए पनि पीडित किशोरीको उमेर १८ वर्ष पूरा भएको ठहर विभिन्न निकायबाट प्राप्त सरकारी कागजको आधारमा गरिएको थियो। तर, उनको नाजुक आर्थिक अवस्थाको फाइदा उठाइएको अदालतले फैसलामा उल्लेख गरेको छ।

सन्दीपका वकिलहरूले भने फैसला चित्त नबुझेको भन्दै माथिल्लो तहको (उच्च) अदालतमा जाने बताएका छन्। कानुनतः मुद्दाका प्रतिवादीले कुनै पनि तहको अदालतबाट भएको फैसलाविरुद्ध पुनरावेदन गरेर कानुनी चुनौती दिन पाउँछ। पुनरावेदन गर्ने अवधि ७० दिन हुन्छ। ३० दिनसम्म थप म्याद हुन्छ। यसकारणले सन्दीपलाई कैद सजाय भए पनि उनी कम्तीमा १०० दिनसम्म जेलबाहिरै हुने काठमाडौं जिल्ला अदालतले जनाएको छ।

उनीविरुद्ध २१ भदौ २०७९ मा पीडित भनिएकी एक किशोरी (गौशाला-२६) ले काठमाडौंको प्रहरी वृत्त गौशालामा उजुरी दिएकी थिइन्। २३ भदौ २०७९ मा नेपाल क्रिकेट संघले राष्ट्रिय क्रिकेट टोलीबाट निलम्बन गरेको थियो। २० असोज २०७९ मा विदेशबाट फर्किने क्रममा त्रिभुवन विमानस्थलबाट उनी पक्राउ परेका थिए। त्यसको तीन सातापछि १४ कात्तिक २०७९ मा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको थियो। सोही मुद्दामा राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान लामिछाने दोषी ठहरिएको दुई सातापछि कैद सजाय तोकिएको हो।

### पूर्वडिआइजी शाहलाई तीन वर्ष कैद

बुधबार नै विशेष अदालतले कैद सजाय तोकिएका प्रहरीका पूर्वडिआइजी शाह भ्रष्टाचारसम्बन्धी मुद्दामा दोषी ठहरिएका हुन्। उनलाई अदालतले तीन वर्ष कैद सजाय सुनाएको छ। शाहबाट १६ लाख ६९ हजार रूपैयाँ विगो र त्यति नै जरिवानासमेत भराउन पनि अदालतको आदेश छ। शाहसँगै भ्रष्टाचार मुद्दामा पूर्वप्रहरी नायव निरीक्षक (सई) दीपेन्द्रप्रसाद पनेरुलाई पनि शाहबराबरकै कैद, विगो र जरिवानाको फैसला अदालतबाट भएको छ।

उनीहरूमाथि मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र दुधौलीमा कार्यरत रहँदा ३३ लाख ३८ हजार रूपैयाँ अनियमितता गरेको आरोप थियो। उक्त मुद्दामा उनीहरूलाई विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले दोषी ठहर गर्दै कैद सजाय सुनाएको हो।

शाह र पनेरुविरुद्ध अख्तियारले २० फागुन २०७६ मा भ्रष्टाचार मुद्दामा आरोपपत्र दायर गरेको थियो। २७ वैशाख २०७२ मा प्रहरी जवानको भर्ना खोलिएकोमा पुसको अन्तिम साता तालिम सकिए र माघदेखि तोकिएकै ठाउँबाट तलब भत्ता खानेगरी पदस्थापना भएको अवस्थामा माघ र फागुनको तलब भत्ता खर्च लिएर शाहसहितले भ्रष्टाचार गरेको अख्तियारको आरोप थियो। जुन आरोपलाई अदालतले सदर गरेको हो।

### तपस्वी बम्जन...

त्यस आधारमा २०७६ को माघमा सर्लाही जिल्ला अदालतले बम्जनविरुद्ध पक्राउ पुर्जी जारी गरको थियो। पक्राउ गर्न प्रहरीले बम्जनका बारा, मकवानपुर, सिन्धुली, सिन्धुपाल्चोकलगायतका आश्रमहरूमा छापा मारेको थियो। तर, बम्जन प्रहरीलाई छल्दै आएका थिए। मंगलबार भने सिआइबीले सञ्चालन गरेको 'अपरेसन ब्ल्यू'मा उनी परे। उनी काठमाडौंमा पछिल्ला दुई महिनादेखि बस्दै आएको पनि पत्रकार सम्मेलनका क्रममा अधिकारीले जानकारी दिए।

बम्जनविरुद्ध उनका आश्रमबाट आनीहरू सर्लाहीकी रिता बोट, नुवोकोटकी कर्मा तामाङ र मकवानपुरकी फूलमाया रूम्बा बेपत्ता पारेको आरोप लागेको छ। बाराका सुरेश आलेमगर र मकवानपुरका सञ्चमान वाइबालाई पनि सिन्धुलीस्थित आश्रमबाट बेपत्ता पारेको आरोप लागेको छ। वाइबालाई बम्जनले कुटेरै हत्या गरेको आरोपसमेत उनीमाथि लाइएको छ।

केही युवतीलाई बम्जनले बलात्कार गरेको भन्दै प्रहरीमा उजुरी परेको छ। बम्जनलाई बुधबार नै प्रहरीले हवाइजहाजमार्फत सर्लाही लगेको छ। त्यहाँ उनीविरुद्ध यौन दुराचारसम्बन्धी मुद्दा विचाराधीन रहेकाले उपस्थित गराउन लगिएको सिआइबीले जनाएको छ।

उनका अनुयायीहरूले भने बम्जनलाई प्रहरीले फसाउन खोजेको आरोप लगाउँदै आएका छन्। बम्जनलाई रिहा गर्न उनीहरूको माग छ। बुधबार सिआइबी कार्यालयमै बम्जनलाई रिहा गर्न माग गर्दै पूर्वराज्यमन्त्री यशोधा लामालगायतका अनुयायीहरू पुगेका थिए। बम्जनको पक्षमा पूर्वमन्त्री मणि लामाले पनि आवाज उठाइरहेका छन्।

### घोषणाको दुई...

रिक्त सचिव पद खारेज गर्नुपर्नेमा दरबन्दी थपेर सरकारी कार्मचारीले काम गिजोलेको प्रधानमन्त्रीका सचिवालयको एक सदस्यको दाबी छ। 'दरबन्दी मिलान गर्नुपर्नेमा सचिवहरूलाई सरुवा गर्न मुश्किल भइरहेको छ। त्यसैले मन्त्रिपरिषद्ले पनि यो विषय प्रमाणीकरण गर्न सकिरहेको छैन,' सचिवालयका ती सदस्यले भने। सहसचिवहरूको मनलाग्दी बढुवा अर्को समस्या भएको कर्मचारीहरू बताउँछन्।

प्रधानमन्त्रीले जनताको नाममा सम्बोधनको क्रममा काम गर्न नसक्ने मन्त्रीहरूलाई पद ओगटेर नबस्नसमेत निर्देशन दिएका थिए। 'हामी सबै आ-आफ्नो भूमिकामाथि न्याय गर्नैपर्ने नैतिक दबाबमा छौं। कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनु हुँदैन, छाडिदिनुपर्छ। यो मैले अरूलाई दिएको उपदेश मात्र होइन, आफैंसँग गरेको वाचा पनि हो। देशमा सकारात्मक परिवर्तन र आशा जगाउन नसके मैले पनि पद ओगटिरहन जरूरी छैन,' दाहालले भनेका थिए। तर प्रधानमन्त्रीको सम्बोधनयता मन्त्रीहरूको कार्यशैली खासै परिवर्तन भएको छैन। दैनिकजसो मन्त्रीहरूको काम उद्घाटन र पार्टीका कार्यक्रममा भाषण गर्नमै सीमित देखिन्छ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८०/०९/२६

यस कम्पनीको मिति २०८०/०९/०८ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **काकेहाशी जापानिज ल्याङ्गवेज स्कूल प्रा.लि. (प्रा.लि. नं. ३०८१६६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **जापानिज ल्याङ्गवेज स्कूल काठमाण्डौ प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०९/२६ गते)

छत्रराज उपाध्यायको नाति, जनार्दन प्रसाद उपाध्यायको छोरा, रीता पौड्यालको पति काठमाडौं जिल्ला, धोबीचौर वडा नं २६ बस्ने बिजय कुमार शर्माको मिति २०८०/०५/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको लालदरबार शाखामा रहेको बचत खाता नं. १२९००६२७३७३०००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ -पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय लालदरबार, काठमाडौंमा हकदावी गर्न आउनुहोला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय लालदरबार फोन नं ०१-५३५६७१७**



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०९/२६ गते)

पशुपति तिवारीको नाति, खडानन्द तिवारीको छोरा तनहुँ जिल्ला देवघाट वडा नं.२ बस्ने कोमलदत्त तिवारीको मिति २०२३/०१/३१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको नारायणगढ शाखामा रहेको बचत खाता नं. ०११०००९५९८५००००१ र ०११०००९५९८५००००६ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरीहरु मुना घिताल र निर्मला खरेलले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय नारायणगढ वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय नारायणगढ फोन नं ०५६-५९५२४१/४१**



**लिखुपिके गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चौलाखर्क, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउपत्र पेश गर्नेसम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८० पौष २६ गते**

यस लिखुपिके गाउँपालिका कार्यालयका लागि आ.व. २०८०/०८१ का लागि आवश्यक मसलन्द तथा छपाई सम्वन्धी सामानहरु गाउँपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्सहरुले फर्म दर्ता कागज, आ.व. ०७९।०८० को करचुक्ता प्रमाण पत्र तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण-पत्र, राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिका कार्यालयको राजस्व प्रशासन शाखाबाट रु. १,०००।- मा दरभाउपत्र खरीद गरी शिलबन्दी दरभाउत्र पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**पुनश्चः बिस्तृत जानकारीका लागि कार्यालयको वेभसाइट likhupikemun.gov.np मा भएको सूचना अध्ययन गर्नु हुनसमेत अनुरोध छ।**

**(प्रमुख प्रशासकीय अधिकृत)**



**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

प्रकाशित मितिः २०८०/०९/२६

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री अवसर म्यानपावर सर्भिसेस** (ई.प.नं.९६१/०६७/०६८) ले यस विभाग समक्ष इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०७८/०९/२२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।



**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०९/१८ गते तार्केश्वर न.पा प्रगतीटोल घर कम्पाउण्डमा पार्किङ गरिराखेको अवस्थामा 220 cc Pulsar कालो, रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

**धनीको नाम : राज कुमार तामाङ**
**बाइक नं.: बा.प्र.०२-०४२ प २३१७**
**च्यासिस नं.: MD2A13EX1MCG 93378**
**इन्जिन नं. : DKXCMG 25686**
**ठेगानाः तेमाल गा.पा ७, काभ्रे**
**सम्पर्कः ९८४२४२७२८०**



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक २५१ पौष २५ गते २०८० मा प्रकाशित **Sansar International Services Pvt. Ltd.** को Lot No. **297803** को **River Source Enterprise Sdn Bhd** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मितिः** २०८०, **माघ ४ (Jan 18, 2024)** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ।

Sansar International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



# Kawasoti Municipality
## Office of the Municipal Executive
### Gandaki Province, Nepal

## Invitation for Bids

**First Date of Publication: 2080/09/26**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Opening Date | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 12/KM/ NBC/080/81 | River Training work | 1,69,07,976.03 | 2080/10/28, BS) Upto 12:00Hr | 2080/10/28, BS) 13:00Hr | 120 days | 5,50,000.00 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**
**Kawasoti Municipality**

# दूध बिक्री नहुँदा समस्यामा किसान

## समस्या समाधान गर्न पालिकासँग माग

**फिक्कल (इलाम)–** इलामको माईजोगमाई गाउँपालिकाका किसानले उत्पादन गरेको दूध बिक्री नहुँदा समस्यामा परेको गुनासो गरेका छन् । गाउँपालिकाले आयोजना गरेको 'किसानका समस्या र समाधानका उपाय' विषयक छलफलमा किसानले पछिल्लो समय जटिलरूपमा देखिएको दूध बिक्री नहुने समस्या समाधान गरिदिन पालिकासँग माग गरेका छन् ।

किसानले भारी लगानीमा पशुपालन गरे पनि पछिल्लो समय दूधको बजार शून्यझैं हुँदा आफूहरू निरास हुने अवस्था आएको किसान पारस न्यौपानले बताए । 'किसान दूध नबिकेर गम्भीर समस्यामा परेका छन्, यस्तो अवस्थामा स्थानीय सरकारले चासो देखाउनुपर्छ,' उनले भने ।

अर्का किसान सुमन बेघाले किसानको दूधको मूल्य घटेको मात्र नभई डेरी र चिज उद्योगले दूधको पैसा नै दिन छाडेकाले किसान थप मर्कामा परेको बताए । उनले उत्पादित घीउ, छुर्पी र चिज बिक्री नभएको भन्दै उद्योग सञ्चालकले दूधको भुक्तानी नदिएको बताए ।

किसानमात्र नभई उद्योगी र व्यवसायीसमेत मर्कामा परेका छन् । किसानले उत्पादन गरेको दूध नजिकैको डेरी उद्योगले किन्ने गरेको छ । डेरीले उत्पादित घिउ र छुर्पी बिक्री नभएपछि किसानलाई भुक्तानी दिन सकिरहेका छैनन् । उत्पादित दुग्धजन्य पदार्थ बिक्री नभएपछि आफूहरूसमेत मारमा परेको व्यवसायी राजेन्द्र लिम्बूले बताए ।

'हामीले उत्पादन गरेको दुग्धजन्य पदार्थसमेत बिक्री नभएकाले किसानलाई दूधको रकम दिन सकेका छैनौं,' उनले भने, 'दुग्धजन्य पदार्थ बिक्री नहुँदा व्यवसायीसँगै हजारौं किसानलाई मार परिरहेको छ, यसले कृषि उद्यम गर्नसमेत व्यवसायीलाई चुनौती भइरहेको छ ।'

गाउँपालिका अध्यक्ष कुशबहादुर थेबेले किसानका समस्या पालिकाले गम्भीर रूपमा लिएको जनाउँदै आफूहरूले गर्नसक्ने समाधानमा सधैं प्रतिबद्ध रहेको बताए । 'किसानका सयौं समस्या छन्, पहिलो कुरा कृषि उत्पादनमै समस्या छ, त्यसपछि उत्पादित वस्तुको बजार समस्या झन् जटिल छ,' अध्यक्ष थेबेले भने, 'स्थानीय सरकारले गर्नसक्ने काममा हामी सधैं तत्पर छौं, प्रदेश र संघीय सरकारसँग लैजानुपर्ने किसानका समस्यालाई पनि सहजीकरण गरिरहेका छौं, किसानका तर्फबाट हामीले माग राखिरहेका छौं ।'

इलाममा निजी क्षेत्रले दैनिक ५३ हजार लिटरको हाराहारीमा दुग्ध खपत गर्दै आएको छ । निजी डेरीमामात्रै एक हजारभन्दा बढी किसानले दुग्ध बिक्री गर्दै आएका छन् । इलामका १८ चिज कारखाना, १५० छुर्पी बनाउने उद्योग र १३ दुग्ध मिठाई बनाउने उद्योग रहेको तथ्यांक छ । इलाममा वार्षिक एक लाख १६ हजार ८६ मेट्रिकटन दुग्ध उत्पादन हुने गरेको छ । होलिस्टिन, जर्सी गरी इलाममा ३३ हजार ३७१ उन्नत जातका गाई पालिएको जनाइएको छ । *रासस*

# वीर अस्पतालमा 'मेमोग्राम' सञ्चालन

**काठमाडौं (प्रस)–** वीर अस्पतालमा स्तन क्यान्सरको उपचारका लागि अत्याधुनिक उपकरण सञ्चालन गरिएको छ । स्तन क्यान्सर परीक्षण (स्क्रिनिङ)का लागि अत्याधुनिक उपकरण 'मेमोग्राम' सञ्चालन गरिएको हो ।

अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले स्तनमा क्यान्सर रोग लाग्नुभन्दा पहिल्यै क्यान्सरका लक्षण पत्ता लगाउने विधिलाई स्क्रिनिङ भनिने जनाउँदै सरकारी अस्पतालमा पहिलोपटक अत्याधुनिक क्यान्सर स्क्रिनिङ उपकरण 'मेमोग्राम' सञ्चालन गरिएको जानकारी दिए । उनका अनुसार ४० वर्षभन्दा माथिका महिलाको स्तन क्यान्सर स्क्रिनिङ गर्नका लागि उक्त उपकरण प्रयोग गरिन्छ ।

'क्यान्सरका लक्षण देखापर्नु अघिको अवस्थामा पत्ता लगाउने विधिलाई स्क्रिनिङ भनिन्छ । यो परीक्षणको एउटा विधि हो । क्यान्सर फैलनुअगावै थाहा पाउन सकियो भने प्रभावकारी उपचार गर्न सकिन्छ,' डा. पौडेलले भने । उनका अनुसार अहिले दैनिक तीनदेखि चारजना महिलाको क्यान्सर स्क्रिनिङ गरिँदै आइएको छ । स्तनमा क्यान्सरको समस्या देखिनुभन्दा पहिले नै लक्षण पहिचान गर्नका लागि यो विधि प्रयोग गरिने उनको भनाइ थियो ।

स्तन क्यान्सरको स्क्रिनिङ गर्नका लागि एक हजार ५०० रूपैयाँ शुल्क तोकिएको अस्पताल प्रशासनले जनाएको छ । वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. अरुण शाहीले नेपालका महिलामा हुने क्यान्सरमध्ये स्तन क्यान्सर दोस्रो नम्बरमा रहेकाले समयमा नै स्क्रिनिङ गर्न आवश्यक रहेको बताए । उनका अनुसार महिलामा देखिने पहिलो क्यान्सर पाठेघरको मुखको क्यान्सर हो । नेपालमा दैनिक तीनजना महिलाको स्तन क्यान्सरका कारण मृत्यु हुने गरेको डा. शाहीले जानकारी दिए । समयमा नै स्तन क्यान्सर सम्बन्धिका रोग पत्ता लगाउन सके प्रभावकारी उपचारका माध्यमबाट बिरामीलाई बचाउन सकिने उनको भनाइ थियो ।

वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. शाहीले स्तनपान नगराउने, विवाह नगरेका, सानै उमेरमा महिनावारी हुने, चाँडै महिनावारी सुक्ने, दिनमा सुत्ने तथा रातमा काम गर्ने वा जाग्राम बस्ने महिलालाई स्तन क्यान्सर हुने गरेको बताए । मोटोपन, धूमपान गर्ने, व्यायाम नगर्ने, वंशाणुगत गुण र कुनै क्यान्सर भएका महिलालाई रेडियसन दिँदा (सेक्दा) पनि पछि स्तन क्यान्सर हुने गरेको उनले जानकारी दिए ।

---

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८०/०९/२६

यस राष्ट्रिय अभिलेखालयबाट मिति २०८०/०७/२० गते प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार ठेक्का नं. NA/NCB-01/MPS-080/81, Microfilm Processing Software with Work Station खरिद गर्ने कार्यको लागि प्राप्त बोलपत्रहरूमध्ये सारभूत रूपमा प्रभावग्राही देहायको बोलपत्र स्वीकृतको लागी मिति २०८०।०९।२५ गतेको निर्णयानुसार छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

| सूचना नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|
| NA/01/080/81 | Microfilm Processing Software with Work Station खरिद गर्ने | Debugsoft P. Ltd., काठमाडौं | २७,७७,७७७०१ |

---

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, साँफेबगर, अछाम

## आशय-पत्र सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०।०९।२६

यस सडक डिभिजनबाट मिति २०८०/०८/०४ गतेको "राष्ट्रिय दैनिक" मा सूचना नं. ०४/०८०-८१ को प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काहरुको लागि म्यादभित्र दर्ता भएका बोलपत्रहरु (विद्युतिय माध्यमबाट प्राप्त) को मुल्याङ्कन पछि न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेका निम्न ठेक्कामा निम्न बोलपत्रदाताको प्रस्ताव सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि सोही ऐन को दफा २७ उपदफा २ र ३ को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

निम्न

| सि.नं. | ठेक्का नं. | न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभाव्ग्राही बोलपत्रदाता | कबोल अंक (भ्याट बाहेक र पि.एस. सहित) |
|---|---|---|---|
| १ | RDSNF/337310113/080/81-13 | M/S Swar – P.K. JV, Dhangadhi, Kailali | 1,69,22,456.00 |
| २ | RDSNF/337310113/079/80-40(RE_III) | M/S Nati Construction Pvt. Ltd., Lalitpur, Nepal | 4,76,74,542.60 |
| ३ | RDSNF/337310113/079/80-41(RE_III) | M/S Nati-Shivling JV, Imadol-04, Lalitpur, Nepal | 5,08,35,561.10 |

डिभिजन प्रमुख

---

# सिगास गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
गर्जे, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८०/०९/२६

प्रस्तुत विषयमा सिगास गाउँपालिकाको कार्यालय बैतडीबाट कार्यान्वयन हुने श्री लगन साउनखेत गर्जे सडक निर्माण ठेक्का नं. SRM/NCB/LSGS-01/2080/81 र श्री गणेश मा वि भवन निर्माण -ठेक्का नं. SRM/NCB/GMVS–02/2080/81 निर्माण कार्य ठेक्काको माध्यमबाट सम्पन्न गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को (१) बमोजिम खरिद अनुगमन कार्यालयको बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp र सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/०८/२० गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचनाअनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको विस्तृत मुल्यांकनबाट छनौट भई खोलिएका बोलपत्रदातहरूको आर्थिक प्रस्तावको मुल्यांकन हुँदा तपसिल बमोजिमका न्युनतम मुल्यांकित बोलपत्र सा/भूत रूपमा प्रभावग्राही देखिऐकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि नं | ठेक्का नं र योजनाको नाम | सफल बोलपत्रदाताहरूको नाम र ठेगाना | बोल रकम (मूल्य अभिवृद्धि कर, PS, सकित | कैफियत |
|---|---|---|---|---|
| 1 | SRM/NCB/LSGS -01 2080/81<br>Shree Lagan Saunkhet Garje sadak Nirman<br>Sigas -03 Baitadi | Nagarjun Construction Shileshikhar 09 Darchula | 49,56,981.75 | |
| 2 | SRM/NCB/GMVS-02 2080/81<br>Shree Ganesh Ma.Vi School BuildingConstructio<br>Sigas -06 Baitadi | Sigas Nirman Sewa Sigas 01 Baitadi | 67,44,460.99 | |

प्रमुख प्रशासकीय अधिकृत


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE MAIDS MANAGEMENT SDN BHD

पुर्व स्वीकृति मिति २०७९/११/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No.281674 | चलानी नं. ६०१९७१८२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 9 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHADA EMPLOYMENT SERVICES PVT.LTD.**

SES SHADA EMPLOYMENT SERVICES

Gaushala-9, Opposite to Hotel Dwarika, Nepal, Tel: 01-4565453
E-mail : dawa007grg@gmail.com, md@shadaes.com.np
Website : www.shadaes.com.np

श्रम ईजाजत नं. १३८७/०७४/०७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANOOSHA AL REEF RESTAURANTS CO FOR FOOD AND SUPPLY LTD.

पुर्व स्वीकृति मिति २०८०/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 285192 | चलानी नं. ६०२००५८६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 14 | 0 | 1200 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 7 | 0 | 1200 | ४२,०३० | | | | | | | |

कम्पनी : BODY HEALTH CENTER FOR PHYSIOTHERAPY

पूर्व स्वीकृति मिति: २०८०/०९/२४ | LT. No. 297851 | चलानी नं. ६०२१२८८४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hospital Cleaner | 0 | 3 | 1000 | ४२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ७ गते (21st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**

श्रम ईजाजत नं. १२०८/०७३/०७४

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PU SANG TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति: २०७९/११/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 282523 | चलानी नं. ६०१९८०७२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 14 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**

श्रम ईजाजत नं. १००४/०६८/०६९

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAIMEXMALAYA SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 297810 | चलानी नं. ६०२१२८९२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 0 | 15 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले   सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राप्रपाको दोहोरो चरित्र

संघीयता र धर्मनिरपेक्षता राप्रपाको दुई प्रमुख शत्रु हो । तर पदका लागि अरू पार्टीले जसरी सिद्धान्तलाई तिलाञ्जली दिइरहेका छन्, राप्रपाले पनि यसको सिको गरेको छ । उदाहरण हो- कोशी प्रदेशसभाको सभामुख पद ।

प्रदेश खारेज गर्नुपर्छ भनेर चर्को आवाज उठाउने राप्रपाले गठबन्धनसँग राष्ट्रिय सभामा भाग खोजेको थियो । राप्रपालाई गठबन्धनले पत्याएन । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसँग लागेर त्यो पद पाउने सम्भावन नै छैन । त्यसपछि मुखमा आएको पद जाने डरले राप्रपाले तुरुन्तै कोशीको सभामुख टपक्कै टिपे । कोशीमा अहिले केदार कार्कीको सरकार संकटमा छ । राप्रपाले साथ नदिए जे पनि हुन सक्छ । त्यसैले यसअघि नै गठबन्धनले सभामुख राप्रपालाई दिइसकेको थियो । तर राष्ट्रिय सभामा भाग खोज्दै राप्रपा चुप बसेको थियो । यता भाग नपाएपछि उताको पनि भाग खुस्किएला भनेर उसले तुरुन्तै केशरबहादुर विष्टलाई सभामुखको उम्मेदवार बनायो ।

यता विष्टलाई सभामुख मानेपछि पार्टीभित्र र बाहिर विरोध आउने पक्कापक्की हुने भयो । राप्रपा केन्द्रले आफू चोखो देखाउन र विवादबाट पन्छिन उम्मेदवारी नै फिर्ता लिन लगाउने निर्णय गऱ्यो । जबकि राप्रपाले उक्त निर्णय गर्दा विष्टले सभामुखमा शपथ लिइसकेका थिए ।

सभामुख पद अस्वीकार गरेका राप्रपा प्रदेश संसदीय दलका नेता भक्तिप्रसाद सिटौला विष्टका प्रस्तावक बने । केन्द्रमा पार्टीका महामन्त्री डा. धवलशमशेर जबरा समूहले प्रदेश खारेजको माग गर्ने दल राप्रपाबाट प्रदेशकै सभामुख हुन नैतिक रूपमा नमिल्ने भन्दै तत्काल विष्टलाई फिर्ता बोलाउनुपर्ने भनेका छन् ।

तर अध्यक्ष राजेन्द्र लिङ्देनको 'ग्रिन सिग्नल' पाएर नै सभामुख बनेका विष्ट फिर्ता हुने अवस्था देखिन्न । केही दिनअघिमात्र भैरहवामा पूर्वराजा ज्ञानेन्द्र शाहको वरपर उभिएर राजतन्त्रको वकालत गर्छु र यो अभियानमा लाग्न अरूलाई पनि आह्वान गर्ने अनि केही दिनमै गणतन्त्रको फेरो समात्नु राप्रपाले सकेकै हो । हुन त बागमती प्रदेशमा पनि राप्रपाकै सभामुख छन् । तर अहिले व्यवस्थाविरुद्ध आवाज उठेको बेला पूर्वराजासँग काँध जोडेका पञ्चे नेताहरूले केही दिन नबित्दै यस्तो गर्न सक्नुलाई मान्नै पर्छ । कुनै बेला नेताहरूलाई चोर भन्छन् नि भनेर चर्चामा आएका पार्टी अध्यक्ष लिङ्देनले राप्रपालाई 'रिभाइभ' गरेका थिए । तर लोकलाज ढाक्नमा अरू दललाई पनि पछि पारेर राप्रपा अहिले कुर्सीका लागि जे पनि गर्ने लाइनमा उभिएको देखिन्छ । यस्तो दोहोरो चरित्रले के राप्रपाको राजनीतिक भविष्य जोगिएला ? प्रश्न गम्भीर बन्दै गएको छ ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यले भने-'यो समाराहको उचित अवसर थिएन, अतः यो रोकिएको हो ।'

सभाले भरिएको दरबारमा रिसको आवेगमा आई चन्द्रगुप्तले भने-'राजाज्ञा उल्लंघन गर्ने तपाई को हो ?'

चन्द्रगुप्तका मुखबाट यस्तो वचन सुनी स्वाभिमानी ब्राह्मण चाणक्यले वनढडेलो जसतै रिसले फुकार्दै भने-'यो नभुल वत्स । राजा पनि तिमीलाई मैले नै बनाएको हुँ । तिमी राजाको धम्की मलाई दिन्छौं ? मलाई अपमानित गरेर तिमी चैनसँग बस्न सक्दैनौं ।

'यो धम्कीले डराउने चन्द्रगुप्त होइन, राजा म आफ्ना न भएको म तपाईलाई राजाज्ञा उल्लंघन र तर्कवितर्क गर्ने अपराध पदच्युत पनि गर्न सक्छ ।'

चाणक्यले क्रोधले उम्लिदै गर्जेर भने- 'जसलाई मैले राजा बनाएँ । मलाई आज पदच्युत गर्ने धम्की दिँदैछ । पदच्युत हुने डर त्यसलाई हुन्छ । जो अधिकारको इच्छा राख्छ । यो लेऊ तिम्रो अधिकार भन्दै अधिकार चिह्न फ्याक्दै तीव्र गतिले दरबारदेखि बाहिर निस्के ।'

उता चाणक्य र चन्द्रगुप्तका बीचको मतभेदको सूचना शत्रुलाई पनि प्राप्त भयो । राक्षस यो अवसरको फाइदा लिन चाहन्थे । उनी कुमार मलयकेतुसहित आफ्ना अरू मित्र राजाहरूसँग युद्धको योजना बनाउन लागे यता राक्षस युद्धको योजनामा अलमलिए, उता चाणक्यको एउटा गुप्तचर मलयकेतुको राज्यमा पक्राउ पऱ्यो ।

पकडिनु के थियो, चाणक्यको योजनाअनुसार गुप्तचर आफै बन्दी बनेको थियो । उसलाई मलयकेतुका अगाडि लगियो, आँङ सबै खोतल्दा उसबाट एउटा पत्र पाइयो । पत्रमा राक्षसको हस्ताक्षर र राजमुद्राको छाप लागेको थियो ।

पत्रबमोजिम राक्षसले चन्द्रगुप्तलाई लेखेको थियो- 'तपाईले चाणक्यलाई हटाई प्रशंसनीय काम गर्नुभयो म खुसी छु तपाईले मलाई महामात्य बनाउने प्रस्ताव गर्नुभएकोमा त्यो हर्ष स्वीकार गर्दछु, मलयकेतुलाई हराउन म तपाईलाई सहयोग गर्नेछ । यसका लागि तपाईले मलयकेतुको हत्या गरी पन्चनन्द राज्य ती पांचलाई दनुपर्छ ।

मलयकेतुले पत्र पढे, अविवेकले आफ्नो सन्तुलन हराए। रिसले फुकार्दै भन- 'विश्वासघाती !' मेरो नै राज्य लिन चाहन्छ भन्दै केही नसोची ती पांचको उनको शिविरमा गएर हत्या गरे र राक्षसलाई आफूअगाडि उपस्थित हुने आज्ञा दिए । क्रमशः

# जनसंख्या : 'पोलिसी डिपार्चर' को उपयुक्त समय



चेतन अधिकारी

राष्ट्रिय जनगणना २०७८ को नतिजाका सूचकहरु केलाउँदा नेपालमा जनसंख्याको भौगोलिक स्थानान्तरण (हिमाल र पहाडबाट तराईतर्फ), उमेरगत स्थानान्तरण (बालबालिकाबाट क्रियाशील उमेरको संख्या बढेको) को अवस्था छ । त्यसैले हामीले नीतिगत स्थानान्तरण पनि यही बिन्दुबाट सुरु गर्नुपर्दछ । यी त स्वेदशभित्रको आन्तरिक बसाइँसराइको कुरा भयो । वैदेशिक रोजगारीमा जाने ठूलो समूह र उच्च अध्ययनमा नाम विदेश जाने झन् ठूलो संख्याका किशोर तथा युवालाई रोक्ने कार्यक्रम ल्याउन पनि ढिलाइ गर्नु हुँदैन ।

एसियाका अन्य देशमा जस्तै नेपालमा पनि जनसंख्या वृद्धि मुख्य समस्याका रूपमा रहेको लामो समय प्रचार गरियो । देशको मुख्य समस्याका रूपमा रहेको जनसंख्या नियन्त्रणका लागि राज्यका धेरैवटा संरचना यही काममा लामो समय व्यस्त रहे । खासगरी सन् १९५९ मा परिवार नियोजन संघको स्थापना गरेर सानो परिवारको अवधारणा अघि बढाउँदै जन्मदर नियन्त्रणमा राज्य अनवरत रूपमा प्रयासरत रहचो ।

राष्ट्रिय योजना आयोगले पनि तेस्रो पञ्चवर्षीय योजनाकाल (सन् १९६५-७०) देखि जनसंख्या वृद्धिलाई समस्याका रूपमा लिँदै दस्तावेजमा समावेश गऱ्यो । यस दस्तावेजमा पनि जनसंख्या नियन्त्रण र सानो परिवारलाई उत्प्रेरित गर्ने प्रकारकै थियो । त्यसबेला नेपालको जनसंख्या वृद्धिदर २.८ प्रतिशतसम्म थियो । उच्च जन्मदर भए पनि उच्च मृत्युदरका कारण जनसंख्याको आकार अस्वाभाविक रूपले बढ्न पाएको थिएन ।

नेपालको जनसंख्यामा नीति निर्माताको एकमात्र रटान जनसंख्या नियन्त्रण कति जायज थियो ? जनसंख्या वृद्धिलाई समस्या मात्र देख्ने त्यसबेलाका नीति निर्माताको सोच स्वदेशी थियो वा विदेशीले दिएको जुक्ति ? अहिले त्यो बहसको विषय छ । नेपालमा अहिले नै जनसंख्यालाई यति सानो आकारमा सीमित गर्नुपर्दथ्यो कि पर्थेन भनेर अहिले विभिन्न मञ्चहरूमा बहस हुन थालेको छ । जब जनगणना २०७८ ले नेपालको जनसंख्या वृद्धिदर ०.९२ मा सीमित भएको देखायो तब यसको असर प्रभावलाई नियालेका राजनीतिक पार्टीका नेतादेखि अन्य सरोकारवालाहरू पनि गम्भीर बनेका छन् । वर्षौंदेखि तीन करोड नेपाली भन्दै आएको समाजको एउटा तप्कालाई सम्झाउनुपर्ने कुरा के छ भने अझै पनि नेपालमा तीन करोड नेपाली पुगेका छैनन् ।

खासगरी २०६८ सालको जनगणनाले नेपालको जनसंख्या वृद्धिदर १.३ प्रतिशतमा सीमित गरेपछि जनसंख्या नीतिमा पुनःविचार गर्नुपर्दछ भन्ने मतहरू बाहिर आउन थालेका हुन् । २०७८ सालमा गरिएको जनगणनाको नतिजाले एक दशकमा करिब २७ लाख मानिस नेपालमा थपिएको र जनसंख्या वृद्धिदर ०.९२ प्रतिशतमात्र रहेको तथ्यांक सार्वजनिक गरेपछि सरकारमात्र हैन, सरोकारवाला निकायले पनि यसलाई एउटा सामाजिक बहसको विषय बनाएका छन् । हाल नेपालको जनसंख्या दुई करोड ९१ लाख ९४ हजार ५७८ रहेको छ ।

जनसंख्या वृद्धिको प्रवृत्ति विश्वभरि नै घट्दो अवस्थामा रहेको छ । विभिन्न प्रक्षेपणहरूले सन् २०५० मा विश्वको जनसंख्या सबैभन्दा उच्चतम् बिन्दुमा पुग्ने अनुमान गरेका छन् । त्यसबेला विश्वमा १० अर्ब जनसंख्या पुग्ने भनिएको छ । त्यसपछि क्रमशः जनसंख्या ओरालो लाग्ने र कतिपय देशहरू त अति न्यून जनसंख्या 'डिपपुलेटेड'को स्थितिमा पनि पुग्ने हुन् कि भन्ने आशंका गरिएको छ ।

वर्तमानका तथ्यांकहरूले नेपाललाई पनि त्यतैतिर डोऱ्याएको देख्न सकिन्छ । नेपालमा अहिले प्रजननदर घटेर विस्थापन तहभन्दा मुनि अर्थात् २.० प्रतिमहिला पुगेको छ । बालबालिकाको जनसंख्या ह्वात्तै घटेको छ । ज्येष्ठ नागरिकको संख्या उसैगरी बढेको छ । २०६८ सालमा कूल जनसंख्याको तीन प्रतिशत रहेको ६० वर्षभन्दा माथिको जनसंख्या अहिले बढेर सात प्रतिशत पुगेको छ । आगामी दशकमा यो संख्या बढेर १० प्रतिशत पुग्ने अनुमान गरिएको छ । अघिल्लो जनगणनामा हिमाल र पहाडका २७ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखिएका थिए यस जनगणनामा त्यो संख्या बढेर ३४ वटा पुग्यो । जनसंख्याको वितरण पनि उस्तै असन्तुलित छ । कूल भूभागको २३ प्रतिशत भूभाग ओगटेको तराईमा करिब ५४ प्रतिशत जनसंख्या छ भने ७७ प्रतिशत ओगटेका हिमाल र पहाडमा कूल जनसंख्याको ४६ प्रतिशत जनसंख्या बसोबास छ ।

तराईको उर्वर भूमिमा जनघनत्व बढेर खेतीयोग्य जमिन साँघुरिँदै गएको छ । पहाडका जमिनहरू पनि मानिसको अभावमा बाँझा भइरहेका छन् । जनसंख्याको संरचनामा व्यापक असन्तुलन आएको छ । पहाडमा विकास त भइरहेको छ तर मानिसहरू बस्न चाहेका छैनन् । यसले समग्र जनसंख्या नीति र विकास योजनामा नै राज्यले सोच्नुपर्ने भएको छ । जनसंख्याको यो अवस्थालाई मध्यनजर गर्दै केही महिना पहिला जनसंख्यासम्बन्धी सम्मेलनमा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले नेपालले अब विकासको ढाँचा नै बदल्ने बेला आएको बताएका थिए ।

### प्रो नेटालिस्ट कि एन्टी नेटालिस्ट ?

नेपालमा विकासको ढाँचाका अतिरिक्त जनसंख्यासम्बन्धी नीतिमा व्यापक संशोधन गर्ने समय आएको छ । त्यो समय अहिले किन पनि उपयुक्त छ भने राष्ट्रिय योजना आयोग अहिले १६औं पञ्चवर्षीय योजनाको तयारीका क्रममा छ । यही समयमा राज्यले आगामी पाँच वर्षका लागि नयाँ नीति र कार्यक्रम बनाउँदछ । जनसंख्याका सम्बन्धमा राज्यले लिइरहेको 'नियन्त्रण'को नीतिबाट अब खुकुलो नीति अवलम्बन गर्नेतर्फ केन्द्रित हुनु जरुरी छ । सैद्धान्तिक हिसाबले नेपालले हालसम्म अपनाएको जनसंख्या नीतिलाई जन्मविरुद्धको नीति अर्थात् 'एन्टी नेटालिस्ट पोलिसी' भनिन्छ । अब त्यसलाई रोकेर जन्मका सम्बन्धमा दम्पतीलाई विवेक प्रयोग गर्न दिने कि जन्मपक्षीय वा 'प्रो नेटालिस्ट पोलिसी' अपनाउने भन्ने बहसको विषय छ ।

नेपालले जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (आइसिपिडी १९९४)लाई अनुमोदन गरिसकेकाले एन्टी वा प्रोनेटालिस्ट भनेर कसैले निरुत्साहित वा कसैलाई अति प्रोत्साहित गर्न मिल्दैन भन्ने तर्कहरू पनि छन् । यस विषयमा अर्को तर्क पनि छ । लोपोन्मुख जातिलाई धेरैवटा बच्चा जन्माउन प्रोत्साहित गर्ने, त्यसका लागि राज्यले आमा तथा बच्चाका लागि निश्चित सुविधा उपलब्ध गराउनुपर्ने माग छ । ठूलो जनसंख्या भएका जातिलाई नियन्त्रण वा प्रवर्द्धनका लागि प्रोत्साहित नगर्ने । यसमा उनीहरूले स्वविवेक प्रयोग गर्न सक्छन् ।

राज्यले लिने जनसंख्या नीतिले केही दशकभित्रै कस्तो परिणाम दिने रहेछ भन्ने कुरा छिमेकी चीनले करिब पाँच दशकबीचमा अपनाएका तीनवटा जनसंख्या नीतिलाई हेरे पुग्छ । चीनमा बढ्दो जनसंख्या वृद्धि र त्यसले सिर्जना गर्ने भयाभव परिणामको अनुमान गर्दै सन् १९७१ मा बच्चा जन्माउने क्रमलाई कडाइका साथ नियन्त्रण गर्ने नीति लियो । यो नीतिलाई विश्वभरि चीनको एक बच्चा नीति (वान चाइल्ड पोलिसी इन चाइना) भनेर चिनिन्छ । चीन सरकारले लागू गरेको यो नीतिबाट कयौं दम्पतीले धेरै सन्तानको चाहना भए पनि एउटै सन्तानमा चित्त बुझाए । वान चाइल्ड पोलिसी लागू गरेको करिब ४५ वर्षपछि जनसांख्यिक संरचनामा आएको परिवर्तनबाट चीनले आफ्नो पूर्वघोषित नीतिमा पुनः विचार गर्ने अवस्था सिर्जना भयो ।

देशमा ज्येष्ठ नागरिकको संख्यामा वृद्धि, काम गर्ने जनशक्तिको अभाव आदि समस्या आउन थालेपछि सन् २०१५ मा चीन सरकारले वान चाइल्ड पोलिसीलाई खारेज गर्दै दुईवटासम्म बच्चा जन्माउने छुट हरेक दम्पतीलाई दियो । विभिन्न सूचकका आधारमा भविष्यको जनसंख्याको प्रक्षेपण गर्दा दुई सन्तानले मात्र पनि चीनमा आवश्यक पर्ने भावी जनशक्तिको आपूर्ति हुन सक्ने देखिएन । यसले गर्दा उसले सन् २०१९ मा तीनवटासम्म बच्चा जन्माउन पाइने गरी नीति बदल्यो । तर एकपटक जनसंख्या उच्च बिन्दुमा पुगेर पुनः प्रजननदर बढाउन विश्वमा गरिएका प्रयास सफल भएका छैनन् । त्यसैले जापान, नर्वेजस्तै चीनले पनि सन्तान उत्पादन वृद्धि गर्ने कुरामा उल्लेख्य उपलब्धि हासिल गर्न सकेको छैन ।

### नेपालमा जनसंख्या नीतिको विगत

नेपालमा जनसंख्यासम्बन्धी नीतिगत व्यवस्था प्रजातन्त्रको स्थापना भएपछि भएको हो । नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालमा भयो यसै बेलादेखि जनसंख्यासम्बन्धी नीति निर्माण सुरु गरिएको हो । पहिलो पञ्चवर्षीय योजना (१९५९-१९६१) र दोस्रो योजना १९६१-१९६५) मा पहाडको घना जनसंख्यालाई तराईमा पुनर्वास गराउने नीति ल्याइयो । त्यस नीतिअन्तर्गत कञ्चनपुर, कैलाली, नवलपरासी, चितवन, झापाजस्ता ठाउँमा निःशुल्क जग्गा वितरण गरेर ठूलो संख्यामा पहाडबाट मानिस तराईमा झारियो । त्यसबेला तराईको जनसंख्याको आकार सानो भएको तर आवादी धेरै भएकाले तराईतर्फको बसाइँसराइ तीव्र पार्ने सरकारी नीति थियो । यसको अर्को कारण पहाडको उत्पादनमुखी जमिनले त्यसबेलाको पहाड केन्द्रित घना जनसंख्यालाई थेग्न नसक्ने अवस्था सिर्जना भएपछि त्यसलाई तराईतर्फ केन्द्रित गर्न थालिएको हो । यसै कार्यक्रमको अवसर सदुपयोग गर्दै त्यसबेलाको बसाइँसराइको प्रवृत्तिलाई नयाँपन दिँदै पूर्वी पहाडका मानिस सुदूरपश्चिमको कैलाली कञ्चनपुरमा बसोबास गर्न गएका हुन् ।

तेस्रो पञ्चवर्षीय योजना (१९६५-७०) देखि नेपालमा जनसंख्या नियन्त्रणका लागि राज्यले औपचारिक रूपमा कदम चालेको हो । यसका जन्मदर घटाउने नीति अघि सारियो । सन् १९५९ मा स्थापना भएको परिवार नियोजन संघमार्फत जनसंख्या नियन्त्रणको प्रचारप्रसार पनि व्यापक गरियो । जन्मदर नियन्त्रण गर्नका लागि परिवार नियोजनका अस्थायी र स्थायी साधनहरूको वितरणलाई तीव्रता दिइयो । चौथो पञ्चवर्षीय योजना (१९७०-१९७५) देखि आठौं पञ्चवर्षीय योजना (१९८५- १९९०) सम्म जनसंख्या नियन्त्रण, परिवारको आकार घटाउने, परिवार नियोजनाका साधनको अपरिपूर्त मागलाई पूरा गर्ने, दुई सन्तानको अवधारणा विकास गर्नेलगायत कार्यक्रम अघि सारियो ।

जनसंख्या कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सन् १९८३ मा राष्ट्रिय जनसंख्या रणनीति तय गरियो । यसको प्रमुख उद्देश्य पनि जनसंख्या नियन्त्रण गर्नु यसका लागि जन्मदर घटाउनु नै थियो । यस रणनीतिले त्यसबेला भएको कूल प्रजननदर ६.३ लाई सन् १९८५ सम्ममा ५.८ मा झार्ने यो दरलाई सन् १९९० सम्ममा ४.० मा झार्ने र सन् २००० को अन्त्यसम्ममा प्रतिस्थापन तह अर्थात् २.१ प्रति महिलामा झार्ने उद्देश्य राखेको थियो । आठौं पञ्चवर्षीय योजना (१९९२-०९७) मा पनि जनसंख्याको वृद्धिदरलाई नियन्त्रण गर्ने योसँगै मानिसको सामाजिक र आर्थिक हैसियत पनि उकास्नेतर्फ केन्द्रित थियो ।

नवौं पञ्चवर्षीय योजना (१९९७-२००२) जनसंख्यालाई व्यवस्थित गर्दै २० वर्षभित्र प्रजननदरलाई विस्थापन गर्ने नीति लिइयो । दशौं पञ्चवर्षीय योजना (२००२-२००७) मा जनसंख्या नियन्त्रणका लागि मुख्य तीनवटा उद्देश्य राखिएको थियो । पहिलो सानो र गुणस्तरीय परिवारको अवधारणा विकास गर्ने, दोस्रो विकासका हरेक काममा जनसंख्यालाई एकीकृत गरेर लैजाने र तेस्रो बसाइँसराइलाई व्यवस्थित गर्ने । एघारौं त्रिवर्षीय योजना (२००७-२०१०) मा गरिबी नियन्त्रणसँगै जनसंख्या नियन्त्रण गर्ने विषयलाई प्राथमिकतामा राखियो । बाह्रौं पञ्चवर्षीय योजना (२०१०-०१३) मा जनसंख्या नियन्त्रणका लागि सरकारी, निजी र समुदाय मिलेर नीति तयार गर्ने सानो परिवारको अवधारणा विकास गर्ने नीति लिइएको थियो । कूल प्रजननदरलाई २.४ मा झार्ने लक्ष्य यसै योजनाको थियो । यस योजना कालमा नेपालीको औसत आयु ७१ वर्षमा पुऱ्याउने लक्ष्य राखिएको थियो ।

त्यस्तै १३औं त्रिर्षीय योजनाकाल (आव २०७०/७१-२०७२/७३) मा आइपुग्दा नेपालको जनसंख्या वृद्धिदर घट्यो । २०६८ सालको जनगणनामा जनसंख्याको वार्षिक वृद्धिदर १.३ प्रतिशत देखियो । अर्कोतिर सक्रिय उमेर समूह (१५-५९) वर्षको जनसंख्या बढ्यो । देशले जनसांख्यिक लाभांश प्राप्त गरेको यस अवसरमा देशको नीति युवा जनसंख्यालाई सदुपयोग गर्ने प्रकारको नै बनाइयो । यस योजनाले पनि परिवार नियोजनका साधानमार्फत जनसंख्या वृद्धिदरलाई व्यवस्थापन गर्ने लक्ष्य राख्यो । २०७१ सालमा ल्याइएको राष्ट्रिय जनसंख्या नीतिमा पनि सानो परिवारको अवधारणा कार्यान्वयन गर्ने भन्दै जनसंख्या नियन्त्रणलाई नै प्राथमिकतामा राखियो ।

चौधौं पञ्चवर्षीय योजना (२०७३/७४-२०७५/७६) योजनाकालसम्ममा नेपालको जनसंख्या वृद्धिदर उल्लेख्य मात्रामा घटिसकेको भए पनि योजना आयोगको नीतिको पहिलो वाक्यमा नै 'जनसंख्याको उच्च वृद्धिदर' भन्ने शब्दावली राखिएको छ । यस योजनाकालमा सानो र गुणस्तरीय परिवारलाई प्रवर्द्धन गर्ने नीति लिइएको थियो । यसको अर्थ जन्मदर घटाउनप्रति नै यो योजना पनि उद्धत थियो । यसैगरी १५औं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) मा जनसंख्या व्यवस्थापन र बसाइँसराइलाई उचित व्यवस्थापन गर्ने नीति अघि सारिएको थियो । यो योजना जनसंख्या नियन्त्रणका विषयमा मौन रहचो ।

### पोलिसी डिपार्चरको उपयुक्त समय

नेपालमा योजनाबद्ध विकासको थालनी भएको ६७ वर्ष पुगेको । यस अवधिमा राष्ट्रिय योजना आयोग १६औं पञ्चवर्षीय योजना (२०८०/८१-२०८५/८६) को तयारीमा छ । यस अवधिमा नेपालको जनसंख्याको क्षेत्रमा अनेक उतारचढाव भएका छन् । जनसंख्याका धेरै सूचकहरू बदलिएका छन् । जनसंख्याका मुद्दाहरू फेरिएका छन् । करिब सात दशक जनसंख्या नियन्त्रणमा नीति केन्द्रित गरेको नेपालले अब सन्तुलित बसाइँसराइमा ध्यान दिनुपर्ने देखिन्छ । जसरी पहिलो पञ्चवर्षीय योजनामा पहाडबाट तराईमा जनसंख्या बढाउन क्षेत्रीय पुनर्वास कार्यक्रम ल्याइएको थियो ।

सोह्रौं योजनाकालमा आइपुग्दा परिस्थिति ठीक उल्टो भएको छ । अहिले जनसंख्याको आधाभन्दा बढी हिस्सा तराईमा छ । पहाड र हिमाल खाली हुने क्रममा छ । त्यसैले अब कसरी हुन्छ पहाडमा बस्ती बसाउनु, त्यहाँको जनसंख्यालाई त्यतै बस्न सक्ने वातावरण सिर्जना गर्ने नीति बनाउने समय आएको छ । जसरी हिजो पहाडबाट तराईमा पुनर्वास हुन चाहनेलाई निःशुल्क जग्गा सरकारले उपलब्ध गराएर मानिसलाई आकर्षण गरेको थियो । त्यसैगरी आज पहाडमा केही न केही सहुलियत दिएर मानिसलाई आकर्षण गर्नुपर्ने समय आएको छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजाका सूचकहरू केलाउँदा नेपालमा जनसंख्याको भौगोलिक स्थानान्तरण (हिमाल र पहाडबाट तराईतर्फ), उमेरगत स्थानान्तरण (बालबालिकाबाट क्रियाशील उमेरको संख्या बढेको) को अवस्था छ । त्यसैले हामीले नीतिगत स्थानान्तरण पनि यही बिन्दुबाट सुरु गर्नुपर्दछ । यी त स्वेदशभित्रको आन्तरिक बसाइँसराइको कुरा भयो । वैदेशिक रोजगारीमा जाने ठूलो समूह र उच्च अध्ययनमा नाम विदेश जाने झन् ठूलो संख्याका किशोर तथा युवालाई रोक्ने कार्यक्रम ल्याउन पनि ढिलाइ गर्नु हुँदैन । *रासस*

# नारायणगढ-मुग्लिन सडक तीन साता बन्द हुँदै

**चितवन (प्रस)**– नारायणगढ-मुग्लिन सडकखण्ड थप तीन साता बन्द गरिने भएको छ । सो सडक खण्डको तुइन खोलामा पुल बनाउन ढिस्को भत्काउने काम नसकिएपछि पुनः तीन साता दिउँसोको समयमा सडक बन्द गरेर काम गर्न लागिएको हो ।

यही पुस ७ गतेदेखि तीन साताका लागि दिउँसो चार घण्टा सडक बन्द गरेर काम गरिँदै आएको छ । आउँदो शनिबार पहिलो तीन साताको समय सकिँदै छ । प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले निर्माण कम्पनीले थप एक महिनाको समय माग गरेको भए पनि तीन साताका लागि मात्र सडक बन्द गरेर काम गर्न दिन लागिएको बताए ।

उनका अनुसार बिहीबार सुरक्षा समितिको बैठकमा थप तीन साता सडक बन्द गरेर काम गर्ने अनुमति दिन लागिएको छ । सो ढिस्को विष्फोट गरेर भत्काउने तयारी गरिएको थियो । विष्फोट गर्दा त्यहाँ पुलसमेत जोखिममा पर्ने भएकाले अन्तिम प्रयासका रूपमा भत्काउन आग्रह गरेअनुरूप काम भइरहेको उनले जानकारी दिए ।

उनले भने, 'अत्यावश्यक सवारीसाधन छाड्नुपर्ने हुँदा दिनमा चार घण्टा भनिए पनि दुई/तीन घण्टा राम्रो गरी काम भएको छ ।' यथाशीघ्र छिटो काम सक्न भनिएको उनले बताए । नागढुंगा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी इञ्जिनियर कृष्ण आचार्यका अनुसार हालसम्म १४ मिटर ढिस्को भत्काइसकिएको छ । त्यहाँको ढिस्को ६० मिटर हाराहारी अग्लो थियो । गत साल २५ मिटर तल झारिएको थियो । बाँकी ३५ मिटरमध्ये आधा ढिस्को शनिबारसम्म भत्काइसक्ने अनुमान छ । गत साल कडा चट्टान आएपछि विष्फोट गर्ने भन्दै काम रोकिएको थियो । यस वर्ष ३८ टनको ब्रेकर प्रयोग गरेर भत्काउन सुरु गरेपछि कामले गति लिएको उनले जानकारी दिए । आवश्यक परेको ठाउँमा चट्टानलाई चिरा पार्ने रक स्पिलटर र हाइड्रोलिन ज्याक हेम्भर प्रयोग गरेर काम गरिएको छ । गत साल २२ टनको ब्रेकर मात्र प्रयोग गरिएको थियो ।

आचार्यले कामको गतिलाई हेरेर आफूहरू उत्साहित भएको बताए । गत वर्ष भत्काउने क्रममा सुरुमा १५ मिटर सहजै भत्काउन सकिएको थियो । त्यसपछिको १० मिटर भत्काउन ४५ दिन लागेको उनले जानकारी दिए । सो सडकका १९ पुलमध्ये चार पुल चार वर्षअघि निर्माण गरिएको थियो । बाँकी १५ पुल एकै साथ ठेक्का लगाइएको थियो ।

# मुगुमा नूनको कोटा बढाउन माग

**मुगु**– सरकारले मुगुमा आउने नूनको कोटा नबढाउँदा मुगालीहरूले पर्याप्त मात्रामा नून पाउन सकेका छैनन् । पछिल्लो १२ वर्षदेखि नूनको कोटा बढेन नबढेको भन्दै सरोकारवाला निकायले कोटा बढाउन माग गरेका हुन् ।

जिल्ला प्रशासन कार्यालय मुगुको आयोजनामा मंगलबार बसेको सर्वदलीय सर्वपक्षीय बैठकमा जनताले नूनका लागि सास्ती पाउनुका साथै आवश्यकताअनुसारको नून नपाएको गुनासो उठेको थियो ।

बैठकमा नेपाली कांग्रेस मुगुका उपसभापति कर्णबहादुर रावलले नून दिँदा नागरिकताको फोटोकपी खोज्ने र स्वयं व्यक्ति उपस्थित हुनुपर्ने प्रावधानले जनताले सास्ती पाएका बताए । मागअनुसार नून नपाउँदा कयौं दिन अनिलो खाना खानु परेको गुनासो आउने गरेकाले नूनको कोटा बढाउन र माग अनुसारको नून पाउने व्यवस्था गर्न पहल गर्नुपर्नेमा उनले जोड दिए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष राजबहादुर मल्लले नागरिकता देखाएर पाँच पाकेट नून पाइने भन्दै ५० रूपैयाँको नून लिन सदरमुकाम बाहिरका जनताले ५०० रूपैयाँभन्दा बढी खर्च गर्नु परिरहेकाले वडास्तरबाटै नून वितरणको व्यवस्था मिलाउन सुझाव दिए । नीतिगतरूपमा वडाबाट नून वितरणको प्रावधान भए आफूहरू वडाबाट वितरण गर्न तयार रहेको छायानाथ रारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पशुपति शाहीले बताए ।

बैठकमा उठेका प्रश्न तथा गुनासोबारे आफू जानकार भएको प्रमुख जिल्ला अधिकारी टोपेन्द्र केसीले बताए । उनले जिल्लामा २०६८ सालको जनसंख्यालाई आधार मानेर प्रति व्यक्ति पाँच पाकेटका हिसाबले कोटा निर्धारण गरी नून उपलब्ध हुँदै आएको जानकारी दिए । 'नूनको कोटा २०६८ को जनगणना अनुसार छ । सरकारले २०७८ को जनगणना अनुसार कोटा निर्धारण गर्नुपर्छ । कोटा पुरानो, जनसंख्या नयाँ भएकाले पनि थप समस्या भएको हो,' प्रजिअ केसीले भने, 'पहिला जिल्लामा कम जनसंख्या थियो, अहिले बढेको छ । बढेको जनसंख्याका आधारमा नूनको कोटा निर्धारण हुनुपर्दछ ।'

केसीका अनुसार २०७८ को जनगणनाअनुसार जिल्लाका लागि नूनको कोटा निर्धारण गर्न मन्त्रालय र साल्ट ट्रेडिङ कर्पोरेसनलाई अनुरोध गर्दै सर्वपक्षीय बैठकबाट निर्णय गरेर पठाउन सर्वपक्षीय बैठकको आयोजना गरिएको हो । सरकारले जिल्लाका लागि दुई हजार ९७० क्विन्टल नून वार्षिक कोटा छुट्याउँदै आएको छ ।

पालिका अनुसार हेर्दा खत्याड र सोरु गाउँपालिकाका लागि वार्षिक एक हजार ७७० क्विन्टल र मुगुम कार्मारोङ गाउँपालिका र छायानाथ रारा नगरपालिकाका लागि एक हजार २०० क्विन्टल नून वार्षिक कोटा छुट्याइको प्रजिअ केसीले जानकारी दिए । उनका अनुसार २०६८ को जनगणनाअनुसार यहाँको जनसंख्या ५५ हजार २८६ थियो भने २०७८ अनुसार जनसंख्या बढेर ६४ हजार ५४९ पुगेको छ । *रासस*

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०/०९/२६**

श्री अशोक सामुदायिक वन उपभोक्ता समुहको आ.व. २०७९/८० को C1S2 मा गरिएको पुनरुत्पादन कटान तथा सम्पूर्ण बनक्षेत्रबाट नियमित ढलापडा काठ/दाउरा सकंलन कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको मदुईस्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको सालसमेत अन्य जात (अस्ना, कर्मा, धौटी, खयर, हर्रो, बर्रो आदी)को काठ थान 1172 को परिमाण 8611.02 क्यु फिट तथा साल जातको दाउरा 26.00 चट्टा र अन्य जातको दाउरा 12.50 चट्टा दाउरा जम्मा 38.50 चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । ईच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएकोले मितिले १५ (प्रन्धौ) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री अशोक सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-२, मदुई बाँके**

## सागर प्लाजा बिल्डिंग कम्प्लेक्स संचालनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मितिः २०८०/०९/२६)**

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालीका वडा नं १० बानेश्वरमा नेपाल ट्रेडिसनल क्राफ्ट प्राइभेट लिमिटेड, कुपन्डोलद्वारा देहाय बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।
नेपाल ट्रेडिसनल क्राफ्ट प्राइभेट लिमिटेड

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | ललितपुर महानगरपालिका-१, कुपन्डोल, ललितपुर<br>फोन नं.: ५५२७९१६,५५२३६०८, वेबसाइटः www.traditionalcrafts.com.np |
| **प्रस्तावको व्यहोरा** | सागर प्लाजा बिल्डिङ्ग कम्प्लेक्स बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १० बानेश्वरमा पर्दछ । भवन रहेको स्थान ८५°१९'४९.४" पूर्वी देशान्तर र २७°४१'२०.३" उत्तरी अक्षांशमा अवस्थित रहेको छ । सागर प्लाजा बिल्डिङ्ग कम्प्लेक्स दश तल्ले भवन १,९२७.६४ वर्ग मिटर क्षेत्रफल भएको प्लटमा निर्माण गरिएको छ जसमा Builtup क्षेत्रफल ८४७५.८६ वर्ग मिटर र खुला क्षेत्र ११२३.४७ वर्ग मिटर रहेको छ ।<br>**आयोजना संचालन सम्बन्धी अन्य विवरण**<br>**पानीको आपूर्ति प्रणालीः** डीप बोरवेल, पाइपलाइन तथा ट्यांकर<br>**डीप बोरवेलको क्षमताः** ८ इन्च (३,४५,००० लिटर प्रतिदिन)<br>**ड्रेनेज व्यवस्थापनः** सेप्टिक ट्यांक मुख्य ड्रेनेज प्रणालीमा जडित तथा ढल निकास प्रशोधन योजना<br>**हरियाली विकास योजनाः** निर्धारित हरियाली क्षेत्र निर्माण गरी संचालन गरिने भवन संचालनको चरणमा आवश्यक जनशक्ति व्यवस्थापक, सुरक्षा गार्ड तथा अन्य कर्मचारी (औसतमा ३० जना) रोजगारी सिर्जना हुने<br>**पार्किंगः** भूमिगत तल्लामा पार्किंग व्यवस्था रहेको<br>**आयोजना निर्माण अवस्थाः** संरचनागत निर्माण सम्पन्न भइसकेको |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालका, वडा नं १० बानेश्वर |

माथि उलिखित प्रस्तावको **प्रारम्भिक वातावरणीय परीक्षण** (IEE) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारीस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्न काठमाडौं महानगरपालिका १० नं वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाहरूको रायसुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र देहायमा उल्लिखित ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नेपाल ट्रेडिसनल क्राफ्ट प्राइभेट लिमिटेड ललितपुर महानगरपालिका- १, कुपन्डोल, ललितपुर फोन नं.: ५५२७९१६, ५५२३६०८, वेबसाइटः www.traditionalcrafts.com.np | निदाल इन्जिनियरिंग रिसर्च एंड कन्स्ट्रक्सन ठेगानाः चन्द्रागिरी नगरपालिका-५, काठमाडौं फोन नं.: ९८४९२०९९०० इमेलः nidalengineering75@gmail.com |


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMFAM HOSPITALITY LLC
पूर्व स्वीकृति मिति : २०८०/०९/१९ | LT. No. 297564 | चलानी नं. ६०२११२५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 30 | 900 | ३२,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**N.B. INTERNATIONAL MANPOWER Pvt. Ltd.**
श्रम ईजाजत नं. ४०२/०६०/६१
Ratopul, Kathmandu Nepal, , Fax : +977-4474302
Kathmandu : +977-4474301, 9851022122, 9851254501 ,9802744144, 9851023100, 9769770646, 9828896857, 9820760600, 9820660600, 9820560600
Jhapa Branch : 023-591887, 9852671887, 9801215758

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDEN EAGLE SECURITY
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 293199 | चलानी नं.६०२०८३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guard | 14 | 2 | 1500 | ५४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREMIER TECH PRECISION SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०३/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 287655 | चलानी नं. ६०२०३७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 4 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Dynamic Manpower Solution Pvt. Ltd**
श्रम ईजाजत नं.१५९४/०७९/८०
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497
E-mail: globaldynamics1594@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIVER SOURCE ENTERPRISE SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/०९/२३ | LT. No.297803 | चलानी नं.६०२१२७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 6 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAPPY HOUSE CLEANING AND SERVICES WLL
पूर्व स्वीकृति मिति २०८०/०९/२४ | LT. No. 297878 | चलानी नं. ६०२१२८८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 6 | 1100 | ४०,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Leaders International Recruitment Agency Pvt. Ltd**
श्रम ईजाजत नं.१६१५/०७९/०८०
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDEN MAX READY MIX CONCRETE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 296214 | चलानी नं. ६०२११२९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAJ CAFÉ SERVING DRINKS
पूर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 297170 | चलानी नं. ६०२१२१६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Provider | 2 | 0 | 1200 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SONS OF SULEIMAN AHMED AL-KHAMIS TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 297169 | चलानी नं. ६०२१२१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AHED ARIF BIN ZAID AL MUTAIRI GENERAL CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 297171 | चलानी नं. ६०२१२१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO.LTD.IS A ONE-PERSON COMPANY
पूर्व स्वीकृति मिति २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No. 297273 | चलानी नं. ६०२१२२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,६५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## जोर्डनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SARAYA AMMAN FOR RECRUITMENT AND EMPLOYMENT OF NON JORDANIAN WORKERS CO. LLC
पूर्व स्वीकृति मिति २०८०/०९/२२ | LT. No. 297708 | चलानी नं. ६०२१२८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker/housemaid | 0 | 50 | 300 | ३९,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**
Govt. License 593/062/63
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEKA PLASTIC PACKAGING SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ | LT. No.274767 | चलानी नं. ६०१९०४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 6 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

# प्रभाव दैनिक





## ‘ईश्वर’मा पृथ्वीराज र सुनिल अनुबन्धित

राजु गिरीको निर्देशनमा निर्माण र लक्ष्मी कुँवर थापाको प्रस्तुतीमा निर्माण हुने फिल्मको मुख्य भुमिकामा अभिनेता पृथ्वीराज प्रसाई र सुनिल थापा अनुबन्धित भएका छन् । फिल्म माघ २८ गतेबाट फ्लोरमा जाँदैछ । फिल्ममा यसअघि नै कलाकारको रुपमा शिशिर वाङ्देल, बुद्धि तामाङ, रविन्द्र झा, सविन बास्तोला र गिता अधिकारीको पनि अभिनय रहनेछ । केही दिन अगाडि घोषणा भएको फिल्मको अहिले कलाकार छनोट भइरहेको छ । दिव्या कंगना फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्माको पटकथा एवंम् संवाद भोजराज देवकोटाले तयार गरेका छन् । हरिबहादुर थापा र शंकर गिरी निर्माता रहने फिल्ममा राजेन्द्र बजगाई र बीपी वाग्लेको संगीत, कविराज गहतराज, देवेन्द्र पाण्डे र सुरेश पाण्डेको कोरियोग्राफी, रामेश्वर हुँमागाईको छायांकन र देव महर्जनको द्वन्द्व निर्देशन रहनेछ ।





# ‘र्‍याप ब्याटल नेपाल’ रियालिटी शो हुँदै




■ प्रभाव संवाददाता

**काठमाडौं–** युजिसा इन्टरनेशनलको आयोजना र राज्य मिडिया नेटवर्कको सह-आयोजनामा र्‍याप गीतको रियालिटी शो ‘र्‍याप ब्याटल नेपाल’ हुने भएको छ। आयोजकले बुधबार राजधानीमा पत्रकार सम्मेलन गर्दै शोका बारे जानकारी दिँदै शो एपीवान टेलिभिजनबाट प्रसारण हुने बताए।

युजिसा इन्टरनेशलका कार्यकारी निर्देशक सानु खानले शोका लागि फेब्रुअरीबाट अडिसन शुरु हुने बताए। उनका अनुसार टेलिभिजनमा अप्रिलबाट र्‍याप ब्याटल नेपाल प्रसारण हुनेछ । ‘शोमा नेपाली सांगीतिक फाँटका देखि बलिउडका संगीतकर्मी निर्णायक हुनेछन्’, उनले भने । राज्य मिडिया नेटवर्कका अध्यक्ष एवं इभेण्ट सल्लाहकार सरोज ओझाले युवासहित सबै किसिमका दर्शकलाई सांगीतिक माहौलमाझ रम्ने वातावरण यस शोले दिने बताए ।

शोको अडिसन काठमाडौं, पोखरा, झापा, इटहरी, चितवनसहित भारतको दार्जिलिङ, सिलिगुढी र सिक्किममा हुनेछ । शोका इभेन्ट निर्देशक डेभिल सिंह राजपुतले शोको अडिसन दार्जिलिङमा माघ २५, सिक्किममा माघ २७, सिलिगढीमा माघ २९, झापामा फागुण ०२, इटहरीमा फागुण ०५, चितवनमा फागुण ०९, पोखरामा फागुण १२ र काठमाडौंमा १८ तथा १९ गते गरिने बताए । उनले विश्वभर छरिएर रहेका नेपाली भाषीहरूको लागि डिजिटल अडिसन गरिने राजपुतले जानकारी दिए ।

एपिवान टेलिभिजनका समाचार प्रमुख निरजराज जोशीले शोको सफलताको कामना गर्दै टेलिभिजनले शोलाई सफल पार्न सहयोगीको भुमिका निर्वाह गर्ने बताए । कार्यक्रममा पे वेलका असिस्टेन्ट सिईओ प्रज्वल आचार्य लगायतको उपस्थिति रहेको थियो ।

# ‘एक्टर’मा प्रदीपसँग आनाको जोडी फाइनल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नायिका आना शर्माले नायक प्रदीप खड्काको मुख्य भूमिका रहेको फिल्म ‘एक्टर’मा खेल्ने भएकी छन् । निर्माण पक्ष र आनाबिच फिल्मका लागि कागजी सम्झौता भएको हो । आनाले ‘एक्टर’साइन गरेसँगै प्रदीप र आना को जोडी पहिलो पटक दर्शक माझ आउने पक्का भएको छ । राजन भुसालको निर्देशनमा तयार हुन लागेको यो फिल्ममा थमन कुमार भण्डारीको लगानी छ । अदृत फिल्मसको प्रस्तुतिमा निर्माण हुन लागेको यो फिल्मको सह-निर्मातामा एनिस भुसाल छन् ।



यो फिल्मको छायांकन केही महिनामा नै सुरु हुनेछ । फिल्मलाई सन् २०२५ मा रिलिज गर्ने तयारीमा निर्माण पक्ष छ । यो फिल्ममा नरेन्द्र मैनालीको छायांकन रहनेछ । फिल्ममा रित बोहरा सहयोगी निर्देशकको रूपमा रहेका छन् । फिल्म ‘एक्टर’लाई लिएर आफू निकै नै उत्साहित भएको नायिका आना शर्माले बताइन् । एउटा राम्रो टिमसँग काम गर्नका लागि आफू सधैं नै लालायित हुने गरेको उनको भनाई छ ।

# ६५ औं वार्षिकोत्सव मनाउँदै ब्रिटिस काउन्सिल



**काठमाडौं (प्रस)–** ब्रिटिस काउन्सिल नेपालले आफ्नो मूख्य कार्यालय लण्डनमा एक प्रदर्शनीको आयोजना गर्दै सहकार्य, साझेदारी र प्रभावका ६५औं वर्ष स्मरण गर्दैछ । बेलायत नेपाल मैत्री सन्धिको शतवार्षिकी उत्सबकै आएको यो विशिष्ठ अवसरले दुई मुलुकहरूबीच सदियौंदेखि चलिआएको कुटनैतिक सम्वन्धलाई प्रष्ट पार्दछ । नेपालका लागि बेलायती राजदूत रब फेनले यस अवसरलाई कोषेढुंगाको संज्ञा दिँदै कृतज्ञता व्यक्त गरे ।

राजदूत रब फेनले भने, ‘बेलायत र नेपालबीचको सम्बन्ध चीरस्थाई रहेको छ र ब्रिटिस काउन्सिल नेपालले हाम्रा दुई मुलुकहिरूबीचको सास्कृतिक तथा शैक्षिक सम्बन्धहरूलाई सुध्रिढ बनाउन उल्लेख्य भूमिका खेलेको छ ।’

त्यसैगरी बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले भने, ‘ब्रिटिस काउन्सिलले आयोजना गरेको प्रदर्शनीले नेपाल र बेलायतबीचको साँस्कृतिक तथा शैक्षिक आदान प्रदानलाई उजागर गर्दछ, बिगतलाई झल्काउँछ र भविष्यमा हुन सक्ने सहकार्यहरूलाई संकेत गर्दछ । दुई शताब्दीभन्दा लामो द्विपक्षीय सम्बन्धको पृष्ठभूमिमा आयोजित यस प्रदर्शनीले दुई मुलुकहरूबीच रही आएको मित्रता, सहकार्य र सहयोगलाई थप फराकिलो र सुध्रिढ बनाउन सघाउँदछ ।’

बेलायत र नेपालबीच कूटनैतिक सम्वन्धको एक अशंका रूपमा ६५ वर्षअघि स्थापना भएको ब्रिटिस काउन्सिल नेपालले पहिलो ब्रिटिस पुस्तकालय स्थापना गरेको थियो ।

त्यस उप्रान्त, नेपाल सरकारको शैक्षिक तथा साँस्कृतिक सुधारका पहलहरूमा यो भरपर्दा साझेदारका रूपमा बिकास भएको छ, जसका प्रभावहरू लाखौं जनताहरूबीच पुगेका छन् । ब्रिटिस काउन्सिल नेपालकी देशीय निर्देशक, शाहिदा म्याकडुगले पहिलो ब्रिटिस पुस्तकालयको स्थापनादेखि हालसम्मको यात्राको चर्चा गरिन् । ‘विगतका ६ दशकहरूमा हामीले थुप्रै व्यक्तित्व र संघसंस्थाहरूसँग मिलेर लाखोंबीच पुग्न सकेका छौं । साथै ब्रिटिस काउन्सिल नेपालले नेपालको शैक्षिक तथा साँस्कृतिक फाँटमा रूपान्तरणकारी प्रभाव छोड्न सफल भएकोछ,’ उनले जोड दिए । लण्डन मूख्य कार्यालयमा आयोजित प्रदर्शनीले ब्रिटिस काउन्सिलले शैक्षिक तथा साँस्कृतिक क्षेत्रहरूमा गरेका प्रयासहरू र उल्लेख्य योगदानहरूलाई प्रष्टाएको छ ।

विगतका ६५ बर्षहरूमा ब्रिटिस काउन्सिल नेपालले साझेदारीहरूलाई अभिवृद्धि गर्दै, सहकार्यलाई सहजिकरण गर्दै विभिन्न कार्यक्रमहरू मार्फत समुदायमा गतिलो छाप छोड्न सम्भव तुल्याएको छ । प्रदर्शनी लण्डनको रेडम्यान पी एल, इ२०१ जेक्यू, बेलायतमा सर्बसाधारणका लागि १ एप्रल, २०२४ सम्म खुला रहनेछ ।

## रंगशाला

राष्ट्रिय पुरुष भलिबल

# उपाधिका लागि पुलिस र सशस्त्र भिड्ने

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल एपीएफ क्लब र नेपाल पुलिस क्लब सुर्खेतमा जारी ३४ औं राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन् ।

बुधबार भएको पहिलो सेमिफाइनल खेलमा एपीएफले गण्डकी प्रदेशलाई सोझो सेटमा हराउँदै फाइनलमा स्थान बनाएको हो ।

एपीएफले गण्डकीलाई २५-२३, २५-२० र २५-१५ ले पराजित गरेको हो। यो जितसँगै एपीएफ विभागीय टोली पुलिससँग फाइनलमा भिड्ने भएको छ। यता दोस्रो सेमिफाइनल खेलमा नेपाल पुलिस क्लबले आर्को विभागीय टोली त्रिभुवन आर्मीलाई सोझो सेटमा हराउँदै फाइनलमा स्थान बनायो । पुलिसले आर्मीमाथि २५-२१,२५-२३ र २५-१९ को जित निकालेको हो । अब बिहीबार हुने फाइनल खेलमा एपीएफ र पुलिसले प्रतिस्पर्धा गर्नेछन् । त्यस्तै तेस्रो स्थानका लागि आर्मी क्लब र गण्डकीले खेल्नेछन् ।

# झिल्टुङ क्रसकन्ट्री दौड माघ ६ मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** झिल्टुङ क्रस कन्ट्री दौडको आठौं संस्करण आगामी माघ ६ गते हुने भएको छ । आयोजक नुवाकोटस्थित बेलकोटगढी नगरपालिका वडा-५ ले बुधबार पत्रकार सम्मेलनमार्फत प्रतियोगिताको बारेमा जानकारी गराएको हो । प्रतियोगितालाई प्राविधिक सहयोग तथा संयोजन एथलेटिक्स परिवार नेपालले गर्नेछ ।

प्रतियोगितामा खुला महिला तथा पुरुष, स्थानीय पुरुष, भेट्रान खुला पुरुष, खुला जुनियर १६ वर्ष मुनिका छात्रा/छात्र, स्थानीय १६ वर्ष मुनिका छात्रा/छात्र, ४५ वर्ष माथिका स्थानीय पुरुष र स्थानीय आमा समूह गरी १० विधा समेटिएको छ । तीमध्ये खुला महिला/ पुरुष, स्थानीय पुरुष, भेट्रान खुला पुरुष १३.४ तथा अन्य ४.५ किमीको हुनेछ ।

प्रतियोगिता आयोजक वडा-५ स्थितकोल्पुटारबाट सुरु भई बेलिनी, छाप, राजओडार, , सालचौर हुँदै फेरि कोल्पुटारमा आएर समाप्त हुनेछ । दौडको दुरी १३.४ किलोमिटर कच्चीबाटो रहेको छ । खुला महिला/पुरुषतर्फको विजेताले १५ हजार, उपविजेताले १० हजार र तेस्रो हुनेले ५ हजार रूपैयाँ प्राप्त गर्नेछन् । स्थानीय खुलातर्फको विजेतालाई १० हजार, उपविजेतालाई सात हजार र तेस्रो हुनेलाई पाँच हजार प्रदान गरिनेछ । भेट्रान खुला पुरुषतर्फका शीर्ष तीनले ८ हजार, ६ हजार र ४ हजार पाउनेछन् ।

खुला जुनियर १६ वर्षमुनिका छात्रा तथा छात्र, स्थानीय १६ वर्षमुनिका छात्र तथा छात्र र ४५ वर्ष माथिका स्थानीय पुरुषतर्फका शीर्ष तीनलाई ६ हजार,४ हजार र दुई हजार प्रदान गरिनेछ । स्थानीय आमा समूहतर्फको विजेताले १२ हजार, उपविजेताले ९ हजार र तेस्रो स्थानमा रहनले ६ हजार रूपैयाँ प्राप्त गर्नेछन् ।

राष्ट्रिय पुरुष-महिला भारोत्तोलन

# सुष्मालाई ६ स्वर्ण, ८१ केजीमा सन्तोषले मारे बाजी

■ प्रभाव संवाददाता

**काठमाडौं–** २६ औं राष्ट्रिय पुरुष तथा ११ औं राष्ट्रिय महिला भारोत्तोलन च्याम्पियनसिप अन्तर्गत वुधवार भएको खेलमा सुष्मा काफ्लेले ६ वटा स्वर्ण पदक प्राप्त गरेकी छिन् । कास्की जिल्लाबाट प्रतिनिधित्व गरेकी सुष्माले ५९ केजी जुनियर र ५९ केजी युथ दुवै इभेन्टसमा समान ३ स्वर्ण जितेकी हुन् ।




सुष्माले जुनियर र युथ दुबैतर्फ स्न्याचमा ४० केजी, क्लिन एन्ड जर्कमा ४७ केजी र कुल ८७ केजी तौल उठाएकी हुन् । सोही तौल समुहमा जुनियरतर्फ सप्तरीकी पुष्पा ठाकुर रजत पदक जितिन् । उनले स्न्याचमा ४०, क्लिन एन्ड जर्कमा ४५ केजी र कुल ८५ केजी तौल भार उठाएकी हुन् । त्यसैगरी ५९ युथमा सप्तरीकी अञ्जली यादवले रजत पदक जित्ने क्रममा स्न्याचमा ३५, क्लिन एन्ड जर्कमा ४५ गरी कुल ८० केजी भार उठाइन् ।

वुधवार पुरुष तर्फ ८१ केजी सिनियर तौलको निकै प्रतिस्पर्धात्मक भीडन्तमा एपीएफका सन्तोष चौधरीले बाजी मारे । उनले क्लिन एन्ड जर्कमा १३३ र कुल २३६ तौल उठाएर दुई स्वर्ण जिते । उनलाई कडा टक्कर दिएका कञ्चनपुरका विकास भट्टले स्न्याचमा ११५ केजी उठाएर स्वर्ण जिते । तर क्लिन एन्ड जर्कमा १३५ उठाउने धुनमा असफल भएपछि सन्तोषले २ स्वर्ण प्राप्त गरी बाजी मारे ।

त्यसैगरी बुधवार भएको ६४ केजी सिनियरमा शारदा चौधरीले स्वर्ण जितिन् । उनले स्न्याचमा ६७, क्लिन एन्ड जर्कमा ८८ गरी कुल १५५ केजी उठाएकी थिइन् । नेपाल प्रहरीकी लक्ष्मी थापाले स्न्याचमा ५७, क्लिन एन्ड जर्कमा ६९ केजी गरी कुल १२६ केजी भार उठाइन् । ६४ केजी जुनियरमै सहभागी सप्तरीकी सन्तोषी यादवले स्वर्ण जितिन् । सो क्रममा उनले स्न्याचमा ५०, क्लिन एन्ड जर्कमा ७५ गरी कुल १२५ केजी तौल उठाइन् ।

यस्तै ५९ केजी सिनियरमा नेपाल प्रहरीकी टिकामाया गुरुङले स्वर्ण जितिन् । उनले स्न्याचमा ६१, क्लिन एन्ड जर्कमा ७८ गरी कुल १३९ केजी उठाएकी थिइन् । नेपाली सेनाकी अस्मिता पुलामी मगरले रजत जितिन् । उनले स्न्याचमा ६०, क्लिन एन्ड जर्कमा ६९ गरी १२९ केजी तौल उठाएकी हुन् ।

पुरुषतर्फ ७३ केजी सिनियरमा नेपाल प्रहरीका प्रकाश केसीले स्वर्ण जिते । उनले स्न्याचमा १०२ केजी, क्लिन एन्ड जर्कमा १३२ केजी गरी कुल २३४ केजी भार उठाए । सो तौलमा रजत पदक जित्ने क्रममा कञ्चनपुरका अशोक भण्डारीले स्न्याचमा १००, क्लिन एन्ड जर्कमा १२६ गरी कुल २२६ केजी उठाए ।

त्यस्तै ७३ केजी जुनियरमा कञ्चनपुरका हेमन्त पालले स्न्याचमा ९७, क्लिन एन्ड जर्कमा १२२ गरी कुल २१९ केजी भार उठाए । हेमन्तले तीन महिना अगाडी भारतको नयाँ दिल्लीमा सम्पन्न युथ एन्ड जुनियर एसियन च्याम्पियनसिपमा जुनियर तर्फ काश्य जितेका खेलाडी हुन् ।

इलामका पुष्कर राईले स्न्याचमा ५०, क्लिन एन्ड जर्कमा ६० गरी कुल ११० केजी उठाएर रजत जिते । त्यसैगरी ७३ केजी युथमा सप्तरीका हेम नारायण यादवले स्वर्ण जिते ।

त्यस्तै ६७ केजी सिनियरमा नेपाली सेनाका राजु चौधरीले स्वर्ण जिते भने नेपाली सेनाकै मुक्तिराम घलेले रजत पदक जिते । ६७ केजी जुनियर तर्फ कास्कीका रोशन चुन्वाङले स्वर्ण र ललितपुरका मोहित शाक्यले रजत पदक जिते । ६७ केजी युथमा भने सप्तरीका अनुराग प्रताप सिंहले स्वर्ण र दिपेश घताल कञ्चनपुरले रजत जिते ।

त्यसैगरी ६१ केजी सिनियरमा नेपाली सेनाका तुलाराम महतोले स्वर्ण जिते । उनले स्न्याचमा ८६, क्लिन एन्ड जर्कमा १०५ गरी कुल १९१ केजी भार उठाए । रजत जितेका एपीएफका पारस देसारले स्न्याचमा ८५, क्लिन एन्ड जर्कमा १०३ गरी कुल १८८ केजी उठाए । ६१ केजी जुनियरमा बाँकेका विमित योगी थारुले स्न्याचमा ७७, क्लिन एन्ड जर्कमा १०२ गरी कुल १७९ केजी उठाएर स्वर्ण जिते । रजत पदक जितेका किरण घर्तीमगरले स्न्याचमा ६५, क्लिन एन्ड जर्कमा ८५ गरी कुल १५० केजी तौल उठाए ।

यस्तै ६१ केजी युथमा सप्तरीका सुजित यादवले स्वर्ण जिते । उनले स्न्याचमा ४८, क्लिन एन्ड जर्कमा ६० गरी कुल १०८ केजी उठाए । रजत पदक जितेका बाँकेका आदित्य खातिकले स्न्याचमा ४१, क्लिन एन्ड जर्कमा ५० गरी कुल ९१ केजी भार उचाले । प्रतियोगिताको फाइनल बिहीबार हुनेछ ।



टचुनिसियाको मदिनामा धातुका भाँडामा बुट्टा कोर्दै एक शिल्पकार । कुँदिएका धातुका वस्तुहरू टचुनिसियाका मुख्य पर्यटकीय स्मारिकाहरू हुन् । *तस्बिर: सिन्ह्वा*

# बंगलादेशका नवनिर्वाचित सांसदले लिए शपथ



**ढाका–** बंगलादेशकी प्रधानमन्त्री शेख हसिना र उनको पार्टीका अन्य सांसदले जनवरी ७ मा भएको संसदीय निर्वाचनपछि बुधबार सांसद पदको शपथ लिएका छन् । सांसदहरूलाई बंगलादेशको संसद्का सभामुख शिरीन शर्मिन चौधरीले शपथ ग्रहण गराएका थिए । समारोहमा अन्य दलका नवनिर्वाचित र स्वतन्त्र सांसदले पनि शपथ लिएका थिए ।

निर्वाचन आयोगले मंगलबार अपराह्न प्रकाशित गरेको राजपत्रमा प्रकाशित सूचनाअनुसार हसिना नेतृत्वको अवामी लिग पार्टीले २९८ मध्ये २२२ सिट जितेको छ । आवामी लिग नेतृत्वको गठबन्धनले २२५ सिट जितेको छ । आमचुनावमा भारी जित हासिल गरेको हसिनाको सत्तारुढ अवामी लिग पार्टीले जनवरी ११ मा नयाँ मन्त्रीमण्डल गठन गर्ने क्याबिनेट डिभिजनका एक वरिष्ठ अधिकारीले बताए । प्रधानमन्त्री हसिना नेतृत्वको सरकारले गराउने निर्वाचन स्वच्छ तथा स्वतन्त्ररूपमा हुनेमा आशंका व्यक्त गर्दै बंलादेश नेसनल पार्टीलगायतका प्रमुख विपक्षी दलहरूले गत आइतबार सम्पन्न निर्वाचनमा भाग लिएका थिएनन् । *रासस/सिन्ह्वा*

# भुटानमा तोब्गे दोस्रोपटक प्रधानमन्त्री बन्ने



**थिम्पु (भुटान)–** सन् २०१३ देखि २०१८ सम्म प्रधानमन्त्री रहेका लिबरल पिपुल्स डेमोक्रयाटिक पार्टी (पिडिपी) ले मंगलबारको निर्वाचनमा ४७ मध्ये ३० सिटसहितको जनमत प्राप्त गरेको निर्वाचन आयोगले बुधबार जनाएको छ ।

भुटानी मतदाताले छिरिङ तोब्गेलाई दोस्रोपटक प्रधानमन्त्री बन्न आवश्यक भारी समर्थन दिएका हुन् । पछिल्लो समय गम्भीर आर्थिक चुनौतीको प्रभावका कारण यस चुनावमा हिमालयन राज्यको विकासका कारण प्राप्त 'समग्र राष्ट्रिय खुसी' लाई प्राथमिकता दिने लामो समयदेखिको नीतिमाथि प्रश्न उठेको थियो ।

भुटान विश्वका दुई सबैभन्दा बढी जनसंख्या भएका देश चीन र भारतको बीचमा रहेको छ । उनीहरूले रणनीतिकरूपमा विवादित सीमा क्षेत्रमा मतदानलाई निकै चासोका साथ हेरेका थिए ।

भुटानको प्रमुख व्यापारिक साझेदार भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भुटानका पूर्वप्रधानमन्त्री तोब्गेलाई निर्वाचनमा प्राप्त भारी समर्थनपछि भनेका छन्, 'मेरा मित्र तोब्गेलाई हार्दिक बधाई छ !'

जवाफमा तोब्गेले मोदीलाई सामाजिक सञ्जालबाट नै 'हार्दिक आभार' प्रकट गरेका छन् । तोब्गेले बुधबार एक्स (ट्वीटर)मा एक सन्देशमा लेखेका छन्, 'म पनि हाम्रा राष्ट्रहरूबीच रहेको मित्रता र सहयोगको अद्वितीय बन्धनलाई बलियो बनाउन तपाईंसँग फेरि नजिकबाट काम गर्न उत्सुक छु ।'

पिट्सवर्ग विश्वविद्यालयबाट मेकानिकल इञ्जिनियरिङ र हार्वर्डबाट सार्वजनिक प्रशासनमा स्नातकोत्तर गरेका ५८ वर्षीय तोब्गे पूर्वसरकारी कर्मचारी हुन् । वर्तमान राजाको शासनकाल सुरु भएलगत्तै सन् २००८ मा स्थापना भएको भुटानको पहिलो संसद्मा तोब्गे विपक्षी दलका नेता थिए । *रासस/एएफपी*

# इक्वेडरको जेलबाट ३९ कैदी फरार

**क्विटो (इक्वेडर)–** इक्वेडरको चिम्बोराजो प्रान्तको रियोबाम्बा सहरको एक कारागारबाट सोमबार राति करिब ३९ कैदी सुरक्षा घेरा तोडेर फरार भएका छन् ।

रियोबाम्बाका नगरप्रमुख जोन विनुएजाले स्थानीय पिचिन्चा रेडियो स्टेसनलाई दिएको जानकारीअनुसार कारागारमा दंगापछि विष्फोट भएको र केही कैदीहरू भाग्न सफल भएको बताए ।

उनले भने, 'कारागारको सुरक्षा घेरा तोडेर ३९ कैदी भागेका छन् । मैले प्राप्त गरेको जानकारीअनुसार फरारमध्ये १२ जनालाई पुनः कब्जामा लिइएको छ ।'

प्रहरी विवरणलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले दिएको जानकारीअनुसार स्थानीय समयअनुसार राति १०:४५ बजे जेलको सेन्ट्री बक्सबाट कैदीहरू भागेका थिए । फरार हुनेमा 'लस लोबोस' आपराधिक संगठनसँग सम्बन्धित कुख्यात अपराधी फेब्रिसियो कोलोन पिको पनि छन् । पिकोविरूद्ध महान्यायाधिवक्ता डायना सालाजारविरुद्ध आक्रमणको योजना बनाएको आरोप लगाइएको छ ।

अधिकारीहरूले उनलाई अर्को जेलमा स्थानान्तरण गर्ने योजना बनाइरहेका बेला कोलोन भाग्न सफल भएका हुन् । रियोबाम्बामा भएको घटनापछि इक्वेडरका विभिन्न जेलमा दंगा भड्किनुका साथै सोमबार राति र मंगलबार बिहानै देशका विभिन्न सहरमा विष्फोटक पदार्थ र प्रहरी अधिकारीहरूको अपहरण भएको थियो । सरकारले हिंसा बढेपछि आपराधिक गतिविधि रोक्नका लागि रात्रिकालीन कफर्चूसहित ६० दिनको आपत्कालीन अवस्था घोषणा गरेको छ । *रासस/एएफपी*

# मृत्यु हुनेको व्यक्तिको संख्या २०३ पुग्यो

**टोकियो–** जापानमा गएको शक्तिशाली भूकम्पका कारण बुधबारसम्म मृत्यु हुनेको संख्या २०३ पुगेको र अझै ६८ जना बेपत्ता भएको स्थानीय अधिकारीहरूले जनाएका छन् ।

सुजु सहरमा ९१, वाजिमा ८१, अनमिजुमा २०, नानाओमा पाँच, नोटोमा तीन, शिका र हाकुईमा एक/एक जनाको मृत्यु भएको पुष्टि भएको छ । प्रभावित क्षेत्रमा, भवन भत्किने जोखिम मूल्यांकनमा उच्च ध्यान केन्द्रित गरिएको छ । मंगलबारदेखि लगातारको वर्षाले, पहिरोजस्ता खतराहरूको सम्भाव्यताको बारेमा सजगता बढाउँदै अधिकारीहरूल चेतावनी जारी गरेका छन् ।

क्योदोले क्षेत्रीय मौसम विज्ञान पर्यवेक्षकलाई उद्धृत गर्दै

**जापान भूकम्प**

चुचुरोमा चिसो हावाको कारण वायुमण्डल अस्थिर रहने, भूकम्प र वर्षाले हिउँ पग्ली नोटो क्षेत्रमा जमिन अस्थिर हुने सम्भावना बढेको रिपोर्ट गरेको छ ।

क्षेत्रीय अधिकारीहरूका अनुसार, कोभिड-१९ र इन्फ्लुएन्जाजस्ता संक्रामक रोगहरूको बढ्दो जोखिमको बीचमा २६ हजारभन्दा बढी व्यक्तिहरूले विभिन्न शिविरहमा आश्रय लिइरहेका छन् । प्रभावित क्षेत्रमा सडक अवरुद्ध भएका कारण करिब तीन हजार १०० व्यक्ति राज्यको सहज पहुँचभन्दा टाढा बस्न बाध्य छन् ।

ठेगाना नखुलेका व्यक्तिको विषयमा उत्पन्न अन्योलको जवाफमा विभिन्न माध्यमबाट संकलन सूचनाहरू एकीकृत गरी संख्या अद्यावधिक गरिने स्थानीय अधिकारीहरूले बताएका छन् । *रासस/सिन्ह्वा*


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : XINTA AUTOPARTS INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मितिः २०७९/०५/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ LT No: 271009 चलानी नं. ६०१८७०५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५०० कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

B.M. Overseas Pvt. Ltd.

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292

E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com


# राजनीतिक अधिकारका लागि आवाज उठाएको आरोपमा ८०० महिला जेलमा



**काबुल–** अफगानिस्तानमा तालिबानद्वारा महिलाहरूमाथि विभिन्न प्रकारका हिंसा तथा अत्याचार, आधारभूत अधिकारको दमनसहित कम्तीमा ८०० महिलाहरूलाई अफगानी कारागारमा राखेको टोलो न्युजले जनाएको छ ।

कारागार प्रशासन कार्यालयका उपप्रमुखका अनुसार अफगानिस्तानका कारागारहरूमा हाल ८०० महिलासहित करिब १९ हजार कैदीहरू छन् । फरक-फरक सजाय भोगिरहेका कैदीमध्ये धेरैमाथि अनुसन्धान भइरहेको छ ।

अफगानिस्तानको केन्द्रीय कारागार प्रशासनका उपप्रमुख हबिबुल्लाह बदरले अफगानिस्तानमा अनधिकृत कारागारहरू नभएको राष्ट्रिय टिभी नेटवर्क आरटीएसँगको अन्तर्वार्तामा बताए । उनले जेलमा कैदीहरूलाई 'यातना' दिइने आरोपको खण्डन गरेका छ । टोलो न्युजका अनुसार त्यहाँ कुनै यातना वा अन्य प्रकारका दुर्व्यवहार नभएको दाबी गरे ।

केही सैन्य र राजनीतिक विज्ञहरूले तालिबानलाई यस बीचमा बन्दीहरूलाई शैक्षिक निर्देशनहरू उपलब्ध गराउन सुरु गर्न आह्वान गरेका छन् । राजनीतिक विश्लेषक जाहोरोल्लाह जाहिरले बन्दीहरूका लागि शिक्षा धेरै महत्वपूर्ण भएको बताउँदै उनीहरूलाई विभिन्न सीपहरू पनि उपलब्ध गराउनुपर्ने बताएको टोलो न्युजले उल्लेख गरेको छ ।

तालिबानले सन् २०२१ को अगस्टमा सत्ता कब्जा गरेपछि महिला अधिकारको हनन नगरिने प्रतिबद्धताको बाबजुद, उच्च शिक्षामा प्रतिबन्ध लगाउनु र समाजमा महिलाको भूमिका सीमित गर्न तालिवान प्रशासनले लिएको गैरजिम्मेवारपूर्ण कदम हो । अगस्ट २०२१ पछि तालिवान प्रशासनले छ कक्षाभन्दा माथिका छात्राहरूलाई विद्यालयमा जान प्रतिबन्ध लगाई महिलाहरूलाई पुरुष संरक्षकसँग मात्र यात्रा गर्नुपर्ने कडा नियम लगाएको छ ।

तालिबानहरूले सौन्दर्य सैलुनहरू बन्द गरे र महिलाहरूलाई घरेलु र अन्तर ाष्ट्रिय गैरसरकारी सहायता समूहहरूसँग काम गर्नबाट रोक लगाए । पछिल्लो समय यस विषयमा अन्तर्राष्ट्रिय समुदायको असन्तुष्टि उत्पन्न भएको छ । *रासस/एएनआई*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNOFIT SDN.BHD.

पूर्व स्वीकृति मितिः२०७९/०५/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२५ LT. No. 270635 चलानी नं. ६०१८६४७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALHAYA श्रम ईजाजत नं. १०९३/०७३/०७४

Al Haya Recruitment Pvt. Ltd.

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610

E-mail : alhaya.recruitment@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८५०० | प्रति तोला – ११७९५० | प्रति तोला – १४१० |



**जेटबोटमा सरर...** | संखुवासभा र भोजपुरको सिमानामा पर्ने सतिघाटस्थित अरुण नदीमा सञ्चालन भएको जेट बोटमा रमाउँदै आन्तरिक पर्यटक । अरुण नदीमा जेट बोट सञ्चालनमा आएपछि आन्तरिक पर्यटकको चहलपहल बढेको छ । *तस्बिरः भविन कार्की/रासस*

# ऊर्जा र पर्यटनक्षेत्रमा लगानी गर्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले भारत र अन्य देशका लगानीकर्तालाई नेपालमा वैशाख १६ र १७ गते हुने लगानी सम्मेलनमा सहभागी हुन आमन्त्रण गरेका छन् । साथै उनले ऊर्जा, पर्यटन र कृषिक्षेत्रमा लगानी गर्न उनीहरूलाई आग्रह गरेका छन् ।

भारतको गुजरातमा आयोजित भाइब्रेन्ट गुजरात ग्लोबल समिट-२०२४ मा सहभागी विभिन्न देशका राष्ट्रप्रमुख, मन्त्रीहरू र लगानीकर्तालाई सम्बोधन गर्दै मन्त्री महतले उनीहरूलाई सम्मेलनमा आमन्त्रण गरेको अर्थमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री महतले भने, 'नेपालमा वैशाख १६ र १७ गते लगानी सम्मेलन हुँदैछ । यो कार्यक्रमबाट म भारतसँगै अन्य देशका लगानीकर्तालाई पनि निम्तो गर्छु । तपाईंहरूको इनोभेटिभ बिजनेस आइडिया र लगानीको निर्णयले नेपालको विकासका लागि नयाँ कोसेढुङ्गा खोल्नेछ भन्ने आशा गर्दछु ।'



अर्थमन्त्रीले नेपालमा ऊर्जा, पर्यटन, कृषि व्यवसाय र सूचना प्रविधिमा लगानीको ठूलो अवसर रहेको बताउँदै स्वास्थ्य, शिक्षा, उत्पादन, निर्माण र यातायात, खानी, बैंकिङ र वित्तीय सेवा जस्ता लगानीका अन्य सम्भावित क्षेत्र पनि रहेको जानकारी दिए । दिगो र समावेशी वृद्धिलाई प्रवर्द्धन गर्नका लागि व्यावसायिक सञ्जाल, ज्ञान आदानप्रदान र रणनीतिक साझेदारीका लागि यो विश्वव्यापी फोरम अब सबैका लागि एउटा फोरम भएको छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले २००३ मा परिकल्पना गरेको भाइब्रेन्ट गुजरात अवधारणाको प्रशंसा गर्दै उनले भने, 'राष्ट्रव्यापी रूपमा अनुसरण भइरहेको भाइब्रेन्ट गुजरात विकास नमूना यो समयको आर्थिक, सामाजिक र वातावरणीय चुनौतीलाई सम्बोधन गर्न वित्तीय स्रोत र प्राविधिक ज्ञानको व्यवस्थापन गर्न नेपाललगायत धेरै देशका लागि प्रेरणाको स्रोत भएको छ ।'

'सन् २०१४ मा नेपालको संसद्मा मोदीजीले भन्नुभएको कुराको ताजा सम्झना छ', मन्त्री डा महतले भने, 'विशेषगरी, तपाईंले 'हिट' मा जोड दिनुभएको थियो, त्यो हो हाइवे, इन्फर्मेसन र ट्रान्समिसन लाइन । हामी यी सबै क्षेत्रमा कनेक्टिभिटी सुधार गर्न, बजार सम्बन्धलाई बलियो बनाउन र लेनदेन लागत घटाउनसँगै काम गरिरहेका छौं भन्ने कुरा राख्न पाउँदा मलाई खुशी लागेको छ ।'

उनले भने, 'हालै नेपाल र भारतबीच १० वर्षको अवधिमा भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने दीर्घकालीन विद्युत् खरिद सम्झौतामा हस्ताक्षर भएको छ । यसले नेपालमा जलविद्युत्मा लगानीको ठूलो अवसर खोल्नेछ । यसले नेपालमा मात्र नभई भारतमा पनि हरित ऊर्जा सङ्क्रमण लक्ष्य हासिल गर्न मद्दत गर्नेछ ।' मन्त्री महतले भने, 'दुई विश्व आर्थिक शक्ति राष्ट्रका बीचमा अवस्थित नेपालले ९० को दशकको सुरुदेखि नै उदार, बजार मुखी आर्थिक नीति अपनाएको छ र धेरै अन्तरराष्ट्रिय संस्था र बहुपक्षीय एजेन्सीको सदस्य छ र हामीले अन्तरराष्ट्रिय मापदण्डअनुसार व्यापार तथा लगानी नीति र नियमन लागू गरिरहेका छौं ।'

# आर्थिक वृद्धिदर पाँच प्रतिशत हुने विश्व बैंकको प्रक्षेपण

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व बैंकले आर्थिक वर्ष २०२४/२५ मा नेपालको आर्थिक वृद्धिदर पाँच प्रतिशत रहने प्रक्षेपण गरेको छ ।

विश्व बैंकले 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट्स, जनवरी २०२४' सार्वजनिक गर्दै गत वर्षको तुलनामा आगामी वर्ष नेपालको आर्थिक वृद्धिदर सकारात्मक रहने अनुमान गरेको हो । चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव नौ प्रतिशत रहने बैंकले जनाएको छ ।





औद्योगिक र सेवा क्षेत्रमा सुधार हुँदा आगामी वर्ष आर्थिक वृद्धिदर अहिलेको भन्दा केही बढ्न सक्ने प्रक्षेपण गरिएको हो । लचिलो मौद्रिक नीति र आयातमा लगाइएको प्रतिबन्ध फुकुवाका कारण पनि अहिलेको भन्दा सहज आर्थिक अवस्था हुने आकलन गरिएको हो ।

अहिले विश्व अर्थतन्त्रमा देखिएको शिथिलता सन् २०२४ मा पनि कायम रहने विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ । विशाल अर्थतन्त्र भएका मुलुकका केन्द्रीय बैंकले अवलम्बन गरेको कडा खालका मौद्रिक नीति, सहज अवस्थामा फर्किन नसकेको विश्व व्यापार र लगानीको अवस्थाका कारण आर्थिक वृद्धिदर न्यून देखिने प्रक्षेपण गरिएको हो ।

मुद्रास्फीति र महँगो ब्याजदरका कारण पनि यसवर्ष उपभोक्ता तथा मौद्रिक बजारलाई असर गर्ने ठानिएको छ ।

विश्वको अर्थतन्त्र सन् २०२४ मा दुई दशमलव चार प्रशितमा खुम्चिने अनुमान गरिएको छ । सन् २०२१ मा विश्व अर्थतन्त्र छ दशमलव दुई प्रतिशत रहेकोमा सन् २०२२ मा घटेर तीन प्रतिशत पुगेको थियो । सन् २०२३ मा दुई दशमलव चार प्रतिशतको विश्व आर्थिक वृद्धिदर अनुमान गरिएकामा आगामी वर्ष दुई दशमलव चार प्रतिशतमा झर्ने अनुमान गरिएको छ ।

# नेप्सेको उकालो यात्रा कायमै

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो दुई दिन निरन्तर उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकले पनि निरन्तरता पाएको छ । बुधबार नेप्से परिसूचक नौ दशमलव ५० अंकले बढेर दुई हजार ८९ दशमलव ६२ को विन्दुमा कायम भएको हो ।

तीन सय एक कम्पनीको एक करोड ३४ लाख ७७ हजार नौ सय ४६ कित्ता सेयर ९२ हजार छ सय दुई पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब १३ करोड ४८ लाख ४८ हजार सात सय ८९ बराबरको कारोबार भएको छ ।

विकास बैंक समूह शून्य दशमलव ४४, वित्त शून्य दशमलव १०, होटल तथा पर्यटन समूह शून्य दशमलव ८४ र जलविद्युत् समूह शून्य दशमलव ५० प्रतिशतले घटेको छ ।

त्यस्तै लगानी समूह शून्य दशमलव ६३, जीवन बीमा समूह शून्य दशमलव २५ र निर्जीवन बीमा समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ । अरु समूहको उपसूचक भने बढेको छ ।

बैंकिङ र उत्पादन तथा प्रशोधन समूह समान एक दशमलव १२, लघुवित्त समूह एक दशमलव ०२, म्युचुअल फन्ड समूह शून्य दशमलव ०३, व्यापार समूह शून्य दशमलव ०१ र अन्य समूह दुई दशमलव २१ प्रतिशतले बढेको छ ।

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमालयन रिइन्स्योरेन्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा पाँच दशमलव ९५ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकम र सेयर संख्याका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू ३२ करोड ७८ लाख ९१ हजार छ सय १३ बराबरको छ लाख ३४ हजार पाँच सय ९३ कित्ता सेयर कारोबार भएको छ ।

# रिलायन्स फाइनान्स, सिएमसी र पुष्पाञ्जली हस्पिटलबीच सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं–** रिलायन्स फाईनान्स लिमिटेडले चितवन मेडिकल कलेज र पुष्पाञ्जली हस्पिटल प्रा.लि. चितवन भरतपुरसँग वित्तीय सेवा प्रदान गर्ने तथा स्वास्थ्य सेवामा छुट दिने सम्झौता गरेको छ ।

उक्त सम्झौतापत्रमा रिलायन्स फाईनान्सका नायव प्रमुख कार्यकारी अधिकृत रामहरी आचार्य र चितवन मेडिकल कलेजका तर्फबाट प्रमुख प्रशासक प्रताप देवकोटाले र पुष्पाञ्जली हस्पिटल प्रा.लि.को तर्फबाट हस्पिटलका कार्यकारी अध्यक्ष चेतनाथ वाग्लेले हस्ताक्षर गरेका थिए ।

सम्झौता अनुसार रिलायन्स फाईनान्स लिमिटेडका ग्राहक वर्ग, सेयरधनी तथा कर्मचारीहरूलाई चितवन मेडिकल कलेज तथा पुष्पाञ्जली हस्पिटल प्रा.लि. ले प्रदान गर्ने सेवामा २० प्रतिशतसम्म र फार्मेसीमा ७ प्रतिशतसम्म छुट प्राप्त गर्ने छन् ।



नेपाल राष्ट्र बैकबाट 'ग' बर्गको वित्तीय कारोबार सुरु गरी केन्द्रीय कार्यालय प्रदर्शनीमार्गबाट कारोबार गरी हाल काठमाडौंको कमलादीमा रहेको आफ्नै भवनमा केन्द्रीय कार्यालयसहित मुख्य शाखा कार्यालय सञ्चालन गरेको छ ।

संस्थाले न्यूरोड काठमाडौ, सितापाईला काठमाण्डौ, ईमाडोल ललितपुर, नारायणघाट चितवन, महेन्द्रपुल पोखरा कास्की, वेशीशहर लमजुङ्ग, बनेपा काभ्रेपलाञ्चोक, आरुघाट गोरखा, चारआली झापामा, गोरखा बजार गोरखा, भैरहवा रूपन्देही, मणीग्राम रूपन्देही, बुटवल रूपन्देही, धनगढी कैलाली, महेन्द्रनगर कन्चनपुर, कोहलपुर बाँके, अत्तरीया कैलाली, दमक झापा, विर्तामोड झापा, धुलाबारी झापा, र टाँडी चितवनमा शाखा कार्यालय गरि जम्मा २१ वटा शाखा कार्यालय खोली कारोबार गर्दै आएको छ ।

संस्थाले 'वित्तीय सेवाको अर्को परिभाषा' भन्ने नाराका साथ संस्थाका ग्राहकहरूलाई सहज तथा सर्व सुलभ तरिकाले विभिन्न शिर्षकहरूमा कर्जा प्रदान गर्नुका साथै विभिन्न निक्षेप योजना लागु गरि आकर्षक व्याज प्रदान गर्दै निक्षेप संकलन गर्दै आएको छ ।

## अत्यन्त जरूरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी बक्यौता रकम यही २०८० साल पौष मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
काठमाडौं–७, सिफल, नेपाल
फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ